# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



हत्या गर्नलाई तयार पारिएको पि[illegible] निरी[illegible] प्राणी[illegible] ज्यान बचाउनु हुँदै सिद्धार्थ कुमार

DHARMAKIRTI

**वर्ष-२६; अङ्क-०७** **बि.सं. २०६५, कर्तिः पुन्ही**

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस्।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस्।

४. हामी तपाईँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन।

## ■ विषय-सूचि ■


| क्रसं | विषय | लेखक | पृष्ठ नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | – | १ |
| २. | सम्पादकीय- शान्ति प्रार्थनाले होइन शुद्ध भावनाले ल्याउँछ | – | २ |
| ३. | हिलोमा कमल फुल्यो | – सत्यनारायण गोयन्का | ३ |
| ४. | धम्मपद-२१४ | – रीना तुलाधर | ५ |
| ५. | बुद्धशासनको इतिहास | – भिक्षु अमृतानन्द | ६ |
| ६. | उन्नति र पतनको कारण मानिसको आचरण | – भिक्षु अश्वघोष | ९ |
| ७. | ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग | – | १० |
| ८. | योग अभ्यास विधि-भाग ४१ | – डा. गोपाल प्रधान | ११ |
| ९. | मिलिन्द-प्रश्न – १७ | – अनुवादक: आनन्द प्रधान | १२ |
| १०. | श्रेय र प्रेय | – नरेन्द्रनाथ बहुराई | १४ |
| ११. | भिक्षु आनन्द | – सिंतु मानन्धर | १५ |
| १२. | सिंचामाणविकाया आरोप | – आनन्द मानसिं तुलाधर | १६ |
| १३. | वर्षा पर्व र युद्ध विरामको प्रसङ्गमा बुद्ध धर्म | – शिशिर चित्रकार | १७ |
| १४. | समाज भनेकै एक र एक भित्र अनेक हो | – शिशिर | १८ |
| १५. | धर्म र प्राणी हिंसा | – आनन्द सिद्धि तुलाधर | १९ |
| १६. | दोषरहित जीवन | – | १९ |
| १७. | फौगु धर्म | – धर्मयान नेवा | २० |
| १८. | धर्मकीर्ति विहार-गतिविधि | – | २२ |
| १९. | सार्थक जीवन हनेगु | – सुभ राज शाक्य | २३ |
| २०. | बौद्ध जुया न्वामगा: म्ही | – अमृतलाल शाक्य भिक्षु | २३ |
| २१. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | – | २३ |
| २२. | धर्म प्रचार-समाचार | – | २४ |
| २३. | अशोक गुरुमांया ४९ दँ बुसिंया उपलक्ष्य | – प्रेमलक्ष्मी तुलाधर | २५ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिवः ज्वीफु।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ।
- छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया च्वगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु।
- आसे धयादीमते, बिज्याः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया बीफु।

Downloaded from http://www.dhamma.digital

*प्रमुख व्यवस्थापक*

**विद्यासागर रञ्जित**

फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ४२५ ३१८२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*

**ध्रुवरत्न स्थापित**

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ४२५ ९४६६**

*प्रधान सम्पादक*

**भिक्षु अश्वघोष महास्थविर**

**फोन: ४२५ ९११०**

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५ ९४६६

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२

काठमाडौं

फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५२

नेपाल सम्वत् ११२८

इस्वी सम्वत् २००८

विक्रम सम्वत् २०६५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

## (बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**14th OCTOBER 2008**

| वर्ष- २६ | अङ्क- ७ | कति पुन्ही | आश्विन २०६५ |
|---|---|---|---|




अरूलाई अनुशासन सिकाउनु छ भने पहिले आफू अनुशासित बन्नसक्नु पर्दछ। आफूलाई पहिला दमन गर्न सक्नुपर्दछ। तर आफूलाई दमन गर्ने कार्य ज्यादै कठिन छ।

आफू नै आफ्नो मालिक हो। आफ्नो मालिक अरू को हुन सक्ला ? आफूलाई राम्ररी दमन गर्न सक्षम व्यक्तिले दुर्लभ स्वामित्व प्राप्त गर्न सक्नेछ।

पत्थरबाट निस्केको हीराले आफू जुन पत्थरबाट निस्केको हो, त्यही पत्थरलाई काटे जस्तै पाप कर्म गर्ने मूर्खलाई उसकै पापकर्मले पीडा दिनेगर्छ।

■ सम्पादकीय ■

# शान्ति प्रार्थनाले होइन शुद्ध भावनाले ल्याऔं

**सब्बे तसन्ति दण्डस्स–सब्बे भायन्ति मच्चुनो**
**अत्तानं उपमंकत्वा–न हनेय्य न घातये**

*अर्थात्*–

दण्ड देखेर सबे डराउँछन्, मृत्यु देखेर सबै काँप्दछन्, त्यसकारण कुनै पनि प्राणीलाई आफू झैं सम्झी हिंसा नगर्नु र नगराउनु ।

माथि उल्लेखित बुद्ध वचनले हामीलाई सतर्क पारिरहेको छ, कतै हामीले मानिसको रूप धारण गरी गलतीवस प्राणीहिंसा जस्तो जघन्य अपराध गरी राक्षस त बनिरहेका छैनौं ? मानिसको चोला धारण गरी कतै हामीले मानव धर्म त विर्सन पुगिरहेका छैनौं ? हामीलाई पनि कसैले यसरी नै हिंसा र हत्या गर्न खोज्ने अवस्थामा हाम्रो मनको दशा कस्तो हुन्छ होला ? एकपटक विचार गरौं त ? कसैले आफ्नो शरीरमा सानो सीयोले घोप्दा समेत सहन नसक्ने हामीले अरूलाई हत्या र हिंसा गर्न तम्सने हाम्रो त्यो मन कत्तिको न्यायपूर्ण र मानवताले भरिएको रहेछ ? हामी आफैले विचार गरी विवेकी बन्न सक्नु परेको छ । यदि हामीं बुद्ध जन्मभूमी नेपालमा जन्मेको व्यक्ति भनी आफूलाई गौरव गर्नु छ भने उहाँले देखाउनु भएको सद्मार्गमा पनि लाग्नसक्नु पर्‍यो । उहाँको आदर्श लिनको लागि हामीले एकपटक सिद्धार्थ कुमारको जीवनकालिन घटना एकपटक सम्झनु उचित हुनेछ ।

"एकपटक सिद्धार्थकुमार कुनै कारणवस बाहिर जानु भएको बेला शहरतर्फ धपाउँदै लगिराखेका भेंडा, बाखाहरूको वथानमा एउटा कलिलो पाठोको खुट्टामा घाऊ लागेर रगत निस्किरहेको कारण पाठोले खुट्टा खोच्याउँदै बथानलाई पछ्याउँदै थियो । माउ भेडीले आफ्नो मातृस्नेहको कारणले आफ्नो सानो बच्चा पाठोलाई छिन-छिनमा फर्केर हेर्दै चित्त दुःखाउँदै गइरहेको थियो । यो दृश्य देख्नु भएका सिद्धार्थ कुमारको मन करूणाले भरियो । एकाएक उहाँले त्यस सानो पाठोलाई स्नेहपूर्वक बोकी भेडाको बथानलाई पछ्याउनु भयो । उहाँले गोठालोको तर्फबाट थाहा पाउनुभयो कि भी भेंडा बाखाहरू विम्विसार राजाले आयोजना गरेको यज्ञ पूजामा बलि दिनको लागि लगिराखेको रहेछ ।

यो कुरा सुनी उहाँ पनि त्यस पाठोलाई बोकी उक्त राजकीय पूजा कार्य संचालन भइरहेको राजप्राङ्गणमा पुग्नुभयो । ब्राह्मण पुरोहितले यज्ञमा ल्याइपुर्‍याएको निरीह पशुहरूलाई बाँधी हत्या गर्न तयार भइरहेको थियो । पुरोहितले बलि दिनको लागि खुकुरी उठाउँदा सिद्धार्थ कुमारले यसकार्यलाई रोक्दै राजा विम्विसारलाई भन्नुभयो– "महाराज ! त्यस पुरोहितलाई विचरो निरीह प्राणीको ज्यान लिने कार्यलाई रोक्नुहोस् । मानिसहरू जस्तै सबै प्राणीलाई आफ्नो प्राणको माया हुन्छ । मर्ने भय देखि सबै डराउँछन् । सबै प्राणीको बाँच्न पाउने नैसर्गिक अधिकार रहेको हुन्छ । बलियाले निर्धोलाई यसरी हत्या हिंसा गर्ने कार्य जघन्य अपराध हो । मानिसहरू आफूलाई अर्काको तर्फबाट हत्या हिंसा होइन दया र करूणा प्राप्त गर्न चाहन्छन् भने पहिला उनीहरू आफै दयावान र करूणावान बन्नसक्नुपर्दछ । यदि हामीले सुख चाहन्छौं भने हामीले अन्य प्राणीहरूको सुख सुविधा छिन्ने दुष्प्रयास कदापि गर्न हुन्न चाहे त्यो प्राणी सानो भन्दा सानो नै किन नहोस् । जुन व्यक्तिले अरूलाई दुःख दिने बीऊ रोप्छ, हिंसा र हत्या गर्ने बीऊ रोप्छ, प्रकृतीले उसलाई त्यस्तै प्रकारको फल भोगाउने ब्यवस्था मिलाइसकेको हुन्छ । यो प्रकृतीको नियम नै हो । यसमा कुनै शंका नै छैन । त्यसैले अशान्ति र दुःख निम्त्याउने कार्य पनि हाम्रै हातमा छ भने सुख र शान्ति निम्त्याउने कार्य पनि हाम्रै हातमा छ । हरेक घटनाको आफ्नै कारण छन् । कारणबिना कुनै फल प्राप्त हुन्न । राम्रो कार्यको राम्रैफल, नराम्रो कार्यको नराम्रै फल प्राप्त भइरहेको हुन्छ ।"

सिद्धार्थ कुमारको तर्फबाट यस्तो ज्ञानवर्द्धक उपदेश सुनी राजा विम्विसार निन्द्राबाट ब्यूँझे जस्तै भइ आफ्नो अज्ञानता र गलती कार्यको महशूस गरी हत्या र हिंसा कार्यलाई रोक्ने आदेश दिइ सभ्य र ज्ञानी बने ।

यसरी हामीले पनि आफ्नो अमूल्य मानव जीवनलाई सुधार्नु छ र शान्ति ल्याउनु छ भने सबै प्राणीलाई आफू समान माया, दया र करूणाको व्यवहार प्रयोग गर्न सक्नुपरेको छ । धर्मको नाममा र आफ्नो स्वार्थ पूर्तिको लागि गरिने हत्या हिंसा जस्ता घृणित राक्षसी प्रवृत्तिलाई हटाउनु परेको छ । किनभने शान्तिलाई देखावटी प्रार्थना र नाराले होइन हाम्रै मनको पवित्र भावनाले मात्र ल्याउन सकिनेछ ।



Downloaded from http://www.dhamma.digital

# हिलोमा कमल फुल्यो

■ सत्यनारायण गोयन्का

बज्जिहरूको बिशाल राजधानी वैशाली, जन कोलाहलले भरपुर थियो। वैशाली एकतन्त्र नभएर प्रजातन्त्र राज्य, राज्य-सभाका सबै सदस्य राजाको पदद्वारा सुशोभित थियो। त्यसैले राजनगर विभिन्न महल, भवन, फूलबारी, बगैंचाले सुन्दर-सुशोभित थियो। फूलवारीमा रातको समय रातकी रानी र दिनमा कमल फूल्दथ्यो। बगैंचामा विभिन्न प्रकारका फलफूलका रूखहरूले भरिरहन्थे, नगरको शोभा यसबाट थप सुन्दर बन्न पुगेको थियो। सारा बज्जि राज्य धन-धान्यले परिपूर्ण थियो। नगरको सारा वातावरण विलास-वैभवको मादक तरङ्गले तरङ्गित थियो।

नगर बाहिर एउटा आँपको बगैंचा थियो। एक विहान बगैंचाकी माली रेखदेखको लागि निस्के। एउटा ठूलो आँपको रूखमुनी एउटी शिशु रोइरहेकी थिइन्, यो देखेर माली चकित भए। कुनै कठोर हृदय भएकी आमाले मलमूत्र सरह छोडेर गएकी होली। ती कन्या निश्चय नै कुनै राजघरानाकी व्यभिचारिणी नारीकी अवैध सन्तान थिई अथवा कुनै गणिकाकी अवांछित पुत्री थिई। ती अबोध बच्चीको अनुहारमा सौन्दर्यको प्रभाव झल्किरहेको थियो। मालीले उनीलाई बोकेर आफ्नो घरमा लिएर आयो। मालिनी निसन्तान, सन्तानको भोको थिईन्। बच्चीलाई देखे पछि उनको मनमा वात्सल्य फुट्यो। उनको छाती भिज्यो। उनले शिशुलाई आफ्नो छातीमा टाँसेर चुम्यो। कस्ती निर्दयी आमा जसले जन्म दिनासाथै आफ्नो हृदयको टुक्रालाई यसरी चुँडालेर फ्याँकी दिईन्। असल यही भयो कि ऊ कुनै हिंसक पशुको आहार बनेन। मानौं यी बिशाल आँपको रूखले नै उनीलाई सुरक्षीत गऱ्यो, त्यसैले मालिनीले उनको नाम अम्बपाली राखिन्। ठूली भएपछि उनले धेरै नै आँपको बोट रोपेर हुर्काए, यस अर्थमा पनि कन्याको नाम अम्बपाली सार्थक भयो।

मालिनीले कन्यालाई बडो मायाले पालिन्। ती चन्द्रमाको टुक्रालाई मालिनीको मायाले श्रीवृद्धि प्राप्त भयो। जसरी उनको बगैंचाको कोपिलाहरू समय भएपछि प्रफुल्लित भएर फुल्दथे, त्यसरी नै यी कन्या अत्यन्त सौन्दर्य बालिकाबाट किशोरी र किशोरीबाट नवयुवतीको रूपमा प्रफुल्लित हुँदै गईन्। शुक्लपक्ष द्वितीयाको चन्द्रमा पूर्णिमाको परिपूर्ण चन्द्रमा बनिन्। उनीले नृत्य विद्या सिकिन् र त्यसमां पारंगत भइन्। वाद्यविद्या सिकिन् र त्यसमा प्रवीन् भइन्, संगीत विद्या सिकिन् र त्यसमा पनि दक्ष भइन्। यसप्रकार अनेक ललित-कलामा निपूर्णता हासिल गरिन्। यी सबैले उनको असीम सौन्दर्यमा विशेष सुभाष छरी दियो।

प्रजातन्त्र राजघरानाका चञ्चल युवकहरूको दृष्टि अम्बपालीमा पऱ्यो। उनलाई पाउन सबै लालायित भए। आफ्नो बनाउन आतुर भए। धेरैको इच्छा परस्परको प्रतिस्पर्धामा बदल्यो, प्रतिस्पर्धा परस्परको प्रतिद्वन्दितामा बदल्यो र यी परस्परको झगडाले नगरको र राष्ट्रको सुरक्षा, शान्तिलाई खतरामा पारिदियो। ठूलाबडाले सुल्झाउन खोजे तर असफल भए। त्यसैले सबै मिलेर फैसला गरे कि उनी कुनै एकजनाको नभएर सब्बेसु होतु अर्थात् सबैको होस्। कुनै एउटा घरकी बधू नभएर नगरबधू होस्, जनपद बधू होस्। कुनै एउटा घरको कुलशोभिनी नभएर नगर शोभिनी होस्। जनपदशोभिनी होस्। अत: सबैले मिलेर उनलाई जनपद कल्याणीको पदमा स्थापित गरे।

जनताको सर्वश्रेष्ठ सुन्दरीको लागि यो पद निश्चित गरिएको हुन्थ्यो। राज्यले जनपदकल्याणीको एक रातको मूल्य पचास मुद्रा निश्चित गऱ्यो जुन त्यस समयको मूल्य अनुसार ज्यादै धेरै थियो।

आम्बपाली (आम्रपाली) लाई यो निर्णय नराम्रो लागेन। जनपद - सुन्दरीको पदमा सुशोभित हुनु राम्रो नै लाग्यो। उनी आफ्नो पेशामा खुशी थिइन्। दिनपर दिन उनको रूप-शोभाको प्रसिद्धि फैलन थाल्यो। अनी उनकै कारणले वैशाली नगर र बज्जिहरूको जनपदको शोभा-प्रसिद्धि बढ्न थाले। उनको लागि मानिसहरू वैशाली आउन थाले नजिकैको मगध गणतन्त्रको राजगृह नगरको निगमपति कुनै राजकार्यले वैशाली आयो। त्यहाँ उसले अम्बपालीको प्रशंसा सुन्यो। ऊ उनीलाई हेर्न गयो। फर्केर गएर मगध नरेश बिम्बिसारलाई सबै विवरण सुनायो। बिम्बिसार त्यो बेलासम्म भगवान बुद्धको सम्पर्कमा आएको थिएन। हुनत ऊ नवयौवन अवस्था नाघीसकेको थियो। राज्यसत्ताको नशा त थियो नै, काम-नशा पनि कम थिएन। कहिंबाट कुनै रूपसुन्दरीको चर्चा सुन्यो कि ऊ उनलाई प्राप्त गर्नको लागि कामातुर हुन्थे। एकजना शासकको अपार शक्ति हुन्छ तर त्यो उसको राज्यसम्म मात्र सिमित रहन्छ। अर्काको राज्यमा उसको प्रवेशले पनि

खलवली मचाउने कारण बन्न सक्थ्यो । त्यसैले यस्तो अवस्थामा ऊ भेष बदलेर नै प्रवेश गर्दथ्यो । अवन्ति गणतन्त्रको राजधानी उज्जैन नगरको जनपदकल्याणी पद्मावती कहाँ यस्तै प्रकार छद्म भेषमा पुगेको थियो । त्यहाँ त उनलाई अरू धेरै राज्यहरू पार गरेर जानु पर्दथ्यो । तर बज्जी गणतन्त्र त छिमेकमै थियो । वैशाली राजनगर केही योजन पर नै अवस्थित थियो । ऊ एक दुई जना साथिसंग भेष बदलेर वैशाली पुग्यो र त्यसको मूल्य चुकाएर उसले एकरात अम्बपालीसंग विताए । उसबाट अम्बपालीको गर्भ रह्यो । उसले अम्बपालीलाई आफ्नो सही परिचय बताएको थियो । त्यसकारण गर्भिणी भएपछि अम्बपालीले यो कुराको सूचना मगध नरेशकहाँ पठाइन् । बिम्बिसारले उनको भरण-पोषणको लागि आवश्यक धन पठाउने प्रबन्ध मिलाई दियो । समय पुरा भएपछि अम्बपालीको प्रसव भयो । उनीले एक बालकको जन्म दिइन् । बिम्बिसारले त्यो छोराको नाम राख्यो - विमल कौंडण्य ।

बिम्बिसारले पद्मावतीलाई आफ्नो छोरा अभयकुमार राजगृहको राजमहलमा पालन-पोषणको लागि पठाउने आदेश दिएको थियो । पद्मावतीले यसैं गरिन् । परन्तु विमल कौंडण्य आफ्नी आमा अम्बपालीको साथमै रहे । हुन सक्छ मगध नरेशले उसको मांग गरेको थियो तर अम्बपालीलाई पुत्र वियोग स्वीकार थिएन ।

जवान भएपछि विमल कौंडण्य वैशालीमा भगवान बुद्धको सम्पर्कमा आयो । भन्न सकिएन कि उसलाई भगवान बुद्धतिर मोड्न बिम्बिसारको कतिको हात थियो, हुनत ऊ आफ्नो सबै परिवार भगवानको शिक्षाबाट लाभान्वित भएको देख्न चाहन्थ्यो । विमल कौंडण्य राजगृहको राजमहलमा गएन बरु आफ्नो आमासंगै वैशालीमा रह्यो । त्यसैले धेरै संभावना यस कुरामा थियो कि वैशालीको नै कुनै परिचितको माध्यमबाट भगवानको सम्पर्कमा आएको थियो । त्यो बेलासम्म वैशालीमा भगवान बुद्धको ज्यादै ख्याति फैलिसकेको थियो । धन-धान्यले परिपूर्ण वैशाली लिच्छवी गणराज्यमा एकपल्ट केही वर्षको लागि अनिकाल भयो । धेरै संख्यामा भोको असहाय मानिसहरू मर्न थाले । भोकले मर्नेहरूको संख्या यति बढे कि लाश उठाउन पनि मान्हो भयो । सारा शहर सडेको लाशले भरपुर भयो । यसले धेरै रोग फैल्यो । यस्तो दयनीय अवस्थामा वैशालीका राजाहरूले राजगृहबाट भगवान बुद्धलाई आफूकहाँ आमन्त्रित गरे । सौभाग्यले वैशालीमा उनले पाउ राख्नासाथै सारा उपद्रव टाढा भागे । अनिकाल सहकालमा बदल्यो, नगर रोगमुक्त भयो । अरू उपद्रव पनि टाढा भागे । मानिसहरूले सन्तोषको श्वास फेरे । यस घटनाले वैशालीमा भगवान बुद्धलाई ज्यादै प्रसिद्धि प्राप्त भयो । दिन परदिन मानिसहरू उनको कल्याणी शिक्षातिर मोड्न लागे । त्यसैले यही अनुमान गर्न उचित हुन्छ कि विमल कौंडण्य प्रभूत पारमीको धनी भएको कारणले युवावस्थामा प्रवेश भएपछि श्वत: भगवान प्रति आकर्षित भयो । उनको उपदेशले प्रभावित भई आफ्नी वात्सल्यमयी आमा अम्बपालीलाई छोडेर घरबाट बेघर भई शिर मुण्डन गरेर भगवान कहाँ प्रव्रजित भयो ।

भगवानले उसलाई उसको अनुकूल विपश्यना साधना सिकाए जसको अभ्यास गर्दा गर्दै चाडैं नै ऊ अरहन्त भयो । अरहन्त भएपछि उसले आफ्नो हर्ष उद्गार अनेक अर्थ लाग्ने श्लेष भाषामा अभिव्यक्त गऱ्यो ।

**दुम्हो जाय उप्पन्नो ।**

द्रुम माने रूखको नाममा चिन्हिने अर्थात अम्बपालीको कोखबाट उत्पन्न । द्रुमका धेरै जरा र शाखा हुन्छन् अम्बापालीको पनि धेरै पति र धेरै पुत्र भए । यो अर्थमा पनि यो श्लेष शब्द उपयुक्त भयो ।

जातो पण्डर केतुना ।

- श्वेत छत्रको पुत्र अर्थात बिम्बिसारको पुत्र । त्यो बेलाको भारतमा राजा-महाराजा श्वेत छत्र ओढ्थे जुन कि समय वित्दै गएपछि सुनौलो जरीले सजिएको रातो रंगको छत्र हुन पुग्यो । परन्तु छिमेकी ब्रह्म देशमा भारतको पुरानो परम्परा अझ पनि चलिरहेको छ । झल्लरदार श्वेत छत्र त्यहाँ आजकल पनि राज्य शासकको प्रतिक हो ।

**केतुहा--** माने अहंकाररुपी केतुको नष्ट गर्नेवाला, केतुनायेव - माने यी केतुद्धारा माने मारसंग युद्ध गर्न सक्ने प्रज्ञाद्वारा, यो धर्म ध्वजाद्वारा जसलाई **"धम्मोहि इसीनं धजा"** भनियो माने ऋषीहरूको ध्वजा धर्म नै हो, यस्तो धर्म ध्वजा-द्वारा - **महाकेतुपधंसयि ।**

- पापको महान ध्वजा धारण गरेको पापी मारलाई हरायो, माने अरहन्त अवस्था प्राप्त गऱ्यो ।

जसरी कुनै हीलो भएको फोहोर तलाऊमा सुन्दर, सुगन्धित कमल उम्रेर आयो उस्तै नै एकजना गणिकाको कोखबाट यो भावी अरहन्त उत्पन्न भयो । अम्बपालीको कोख धन्य भयो; बिम्बिसारको पितृत्व धन्य भयो । धन्य भयो दुवैको संयोगबाट उत्पन्न विमल कौंडण्य । धन्य भयो भगवान बुद्धको धर्म-देशना ।

यस्तो कल्याण सबैको होस् ! .

*(साभार: बुद्ध वर्ष २५४०, बैशाख २०५३, वर्ष १२ भङ्ग १)*



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२१४

■ रीना तुलाधर (बनिया) *'परियत्ति सद्धम्म कोविद'*

**परदुक्खू पदानेत–अत्तनो सुख मिच्छति**
**वेरसंसग्ग संसट्ठो–वेरा सो न परिमुच्चतिं**

*अर्थ–* अरूलाई दु:ख दिएर आफ्नो सुखको इच्छा गर्ने, वैरीको बन्धनले बाँडिएको, त्यस्ता व्यक्तिको वैरभाव कहिल्यै खालि हुँदैन, वैरभावबाट मुक्त हुँदैन ।

*घटना–* उपरोक्त गाथा भगवान् बुद्धले जेतवन महाविहारमा बस्नु हुँदा कुखुराको अण्डा खाने एउटी आईमाईको कुखुरा संगका वैरभावको कारणमा भन्नु भएको थियो ।

एक समयमा श्रावस्तीको नजीक एउटा गाउँमा एउटी आईमाई बस्थिन् । उनीले एउटा कुखुरी पालेकी थिइन् । जहिले पनि कुखुरीले फूल पार्दा उसले फुल खान्थिन् । कुखुरीलाई अति रीस उठ्थ्यो र अर्को जन्ममा आईमाईको बच्चा मारेर खान सकुं भनेर भाकल गर्थ्यो । भन्नेजस्तै कुखुरी मरेर बिरालो भएर जन्म्यो र आइमाई मरेपछि कुखुरी भएर जन्म्यो । बिरालोले त्यस जन्ममा कुखुरीको अण्डा टिपेर खाने भयो ।

त्यस्तै बदलाको भावले तिनीहरु अर्को जन्ममा दुईजना मध्ये कुखुरी चितुवा भएर जन्म्यो भने बिरालो मृग भएर जन्म्यो । चितुवाले मृगको बच्चाहरू मारेर खाने भयो । उनीहरूको बदलाको भाव रही रहयो र यसै प्रकार पाँचसय जन्मान्तर सम्म तिनीहरूले एकले अर्काको बच्चा खाएर जुनी बितायो ।

बुद्धकालीन समय पुगेपछि तिनीहरू मध्ये एउटी आईमाई भएर अर्को राक्षसनी भएर जन्मेको रहेछ ।

एक दिन, ती आइमाई माइतीबाट फर्केर श्रावस्ती नजिकको आफ्नो घरमा फर्कीरहेकी थिई । उनीसंगै उनका पति र सानो छोरा पनि संगै थियो । बाटोमा एक ठाँउमा एउटा पोखरी नजिक आराम गर्न लाग्यो । पतिचाहिँ पोखरीमा एकछिन नुहाउँछु भनेर गयो । त्यति नै बेला त्यो राक्षसनी त्यहाँ देखा परिन् । आईमाईले आफ्नो पुरानो शत्रु भनीकन चिनिन् । आफ्नो बच्चालाई बचाउन ती आइमाईले बच्चालाई लिएर जेतवन विहारतिर भागिन् ।

त्यतिबेला भगवान बुद्ध जेतवन विहारतिर धर्म उपदेश दिई राख्नु भएको थियो । आइमाईले भित्रसम्म गएर आफ्नो बच्चालाई भगवान बुद्धको चरणमा राखी दिइन् ता कि बुद्धको अगाडि राक्षसनीले बच्चालाई टिप्न नसकोस् ।

राक्षसनी पनि पछि पछि लाग्दै जेतवन विहारसम्म आइन् । विहार भित्र पस्ने आँट गर्न नसकेर ढोका बाहिर उभिरहीन् । उनीहरूको कुरा सबै जान्नु भएका भगवान् बुद्धले भिक्षु आनन्दसंग भन्नुभयो– "तिमीहरू दुईजना लामो समय देखि धेरै जन्म जन्मान्तरसम्म शत्रुभावले एकले अर्काको बच्चा खाएर आई सक्यौ ।" बुद्धले पुन: थपेर भन्नुभयो– "यदि आज तिमीहरू मकहाँ आई नपुगेको भए तिमीहरूको वैरभाव अन्तहीन भएर पछि सम्म पनि चलीरहन्थ्यो । वैरभावले वैरभावलाई कहिल्यै हटाउन सकिन्न । वैरभावलाई मैत्री र प्रेमभावले मात्र शान्त पार्न सकिन्छ ।

जसले अरूलाई दु:ख दिएर आफ्नो सुख पाउन खोज्छ त्यसले वैरभावको बन्धन हटाउन सक्तैन, वैरभावबाट मुक्त हुन सक्तैन । यस प्रकार उनीहरूलाई धर्म उपदेश दिदै बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

धर्म देशनाको अन्तमा राक्षसनीले त्रिरत्नको शरण लिइन् । आईमाईले चाहिँ श्रोतापति मार्ग फल लाभ गरिन् । ■

★ **"आफ्नो सुखको लागि सुखकामी प्राणीलाई जसले दण्डद्वारा हिंसा पीड़ा दिन्छ, त्यसले परलोकमा सुख पाउँदैन ।"**

**– धम्मपद**

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६५/५/२३ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६५/५/३० | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६५/६/१ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६५/६/६ | कुसुम गुरुमां | कुसुम गुरुमां |
| २०६५/६/१३ | इन्दावती गुरुमां | इन्दावती गुरुमां |

# बुद्धशासनको इतिहास

■ भिक्षु अमृतानन्द

*(प्रथम संगीति)*

पैंतालीस वर्षसम्म धर्म उपदेश गरी देव मनुष्यहरूलाई कल्याण मार्गमा राख्दै भगवान् शाक्यमुनीन्द्र विक्रम पूर्व ४८७ बैशाख पूर्णिमा मंगलवारका दिन पञ्चस्कन्धलाई सधैंको निम्ति त्याग गरी केवल शान्त अमृत महानिर्वाण धातुमा अनुपादिशेष महापरिनिर्वाण हुनु भयो । भगवान् परिनिर्वाण हुने बित्तिकै समस्त कुशीनगरमा रुवावासी चल्यो । आकाश गुञ्जायमान भयो । विरह नगर्ने कोही रहेन । आस्रव (चित्तमल) क्षय नभएका भिक्षुहरू "तथागत कति चाँडै परिनिर्वाण हुनु भएको" भन्दै छटपटिंदै रून थाले, विरह गरे, शोक गरे । आस्रव क्षय भइसकेका अर्हत् भिक्षुहरूले "संस्कार कसरी नित्य होला, सबै संस्कार अनित्य छ" भनी स्वभाव धर्मलाई सम्झी धैर्य गरे । यतातिर मल्लराजकुमारहरू सबै भगवान्प्रति अन्तिम गौरव दर्शाउन तत्पर कुनै कता कुनै कता कुडी रहे । उतातिर आनन्दस्थविर अधीर भई एकलै थाप्लोमा हात राखी भगवान्को पाउमुनि बसेर "भगवान् ! तपाईंले मलाई यति चाँडै किन छाडी जानु भएको ?" भन्दै रोई रहे ।

सात दिनसम्म तथागतको पञ्चस्कन्ध देहलाई पुष्प, धुप, प्रदीपद्वारा पूजा गरी महाउत्सव गरे । सुदूर देशदेखि भगवान्को अन्तिम दर्शन गर्न जनताहरू भेला भए । उता महाकाश्यप महास्थविर पाँचसय भिक्षु परिवार (परिषद्) को साथ पावाबाट कुशीनगर आइरहेका थिए । बाटोमा थकाइ लागेर एक ठाउँमा रूखको छाँयामा विश्राम गर्नुभयो । कुशीनगरतिरबाट एकजना आजीवक आइरहेको देखेर महाकाश्यप स्थविरले उनीसँग सोधे–

"आवुसो ! तिमीले हाम्रो शास्तालाई चिनेका छौ ?"

"चिनेको छु । तपाईंहरूको शास्तालाई मैले राम्रैसँग चिनेको छु । तर खेदको कुरा यो छ कि उनी गौतम बुद्ध कुशीनगरमा मल्लहरूको सालवनमा सधैंको निम्ति महापरिनिर्वाण हुनु भएको आज सात दिन भयो । यो मैले लिइराखेको मन्दारपुष्प त्यहींबाट लिएर आएको हो ।

आजीवकको कुरा सुन्ने बित्तिकै आस्रव क्षय नभएका भिक्षुहरू रूखका हाँगा ढलेझैं ढली लडीबुडी गर्दै विलाप गरे । आस्रव क्षय भैसकेको भिक्षुहरूले अनित्यतालाई संझी संवेग प्रकट गरे । भिक्षुहरूको यो रोदन क्रन्दन देखेर सुभद्र नाउँ गरेको एक वृद्ध भिक्षुले भने–

"आवुसो ! तपाईंहरू किन अधैर्य भएर विलाप गर्नु हुन्छ ? उनी तथागत छउञ्जेल हामीलाई कति गाहारो थियो ? जहिले पनि यसो गर्नु हुँदैन उसो गर्नु हुँदैन भनी हामीलाई वन्धनमा राख्नु हुन्थ्यो । अब हामी वहाँको वन्धनबाट मुक्त भयौं । अब हामीलाई त्यस्तो आज्ञा दिने छैन । अब हामीले जुन जुन नियम सजिलो छ मनपर्छ त्यो नियमहरू मात्र पालन गरौंला । गाहारो नियम छाडी दिउँला । रोई कराई रहनु किन ? नरोउ नकराउ । हामीलाई रोक्ने कोही छैन, वहाँको वन्धनबाट हामी राम्रैसँग मुक्त भयौं ।

सुभद्र भिक्षुले भिक्षुहरूलाई यसरी सम्झाई रहेको देखेर संघका नायक हुनुभएका महाकाश्यप महास्थविरको मनमा यस्तो भयो–

"अहो संसार ! भगवान् परिनिर्वाण हुनु भएको केही दिनमा नै यस्तो भन्ने भिक्षुहरू भैसक्यो भने पछि झन के के भन्ने निस्कने होलान् । यदि मैले उनी तथागतको उपदेशलाई राम्रोसंग एकै सूत्रमा संकलन गरिन भने वहाँको धर्म चिरस्थाई हुन सकिंदैन । धर्म प्रेमीहरूलाई धर्मको कुरा जान्न बुझ्न समेत दुर्लभ हुनेछ । समय झन झन बिग्रन्दै जानेछ, धर्मलाई भन्दा अधर्मलाई गौरव राख्नेछन्, विनयलाई भन्दा अविनयलाई गौरव राख्नेछन्, यस्तो भयो भने लोकहितको ठाउँमा लोक अहित हुनेछन् । त्यस कारण चतु प्रतिसम्भिदा लाभी पाँचसय अर्हत् भेला भएर तथागतको विविध धर्मस्कन्धलाई एकत्रित गरी राख्यो भने अवश्यमेव लोक उपकार हुनेछ कर्तव्य पालन पनि हुनेछ । भगवान् परिनिर्वाण हुने बित्तकै नै वहाँको शासन नष्ट गराउनु कदाचित ठीक छैन । अहिले नै यसको उपाय नगरे पछि झन कष्ट हुनेछ ।"

यति विचार गरी महाकाश्यप महास्थविर त्यहाँबाट कुशीनगर जानु भयो । कुशीनगर पुगिसके पछि भगवान्को देह अग्निसंसार गर्न लागी राखेको ठाउँमा पुग्नु भयो । वहाँ चित्तमा चढाई राखेको भगवान्को देहलाई अन्तिम वन्दना गर्दै तीन पटक परिक्रमा गरी श्री चरणमा तीन पटक ढोक



Downloaded from http://www.dhamma.digital

गरे। यति कार्य सम्पन्न हुने बित्तिकै चित्तामा आफैं आफ अग्नी प्रज्वलित भएर आए । अन्तिम संस्कारको काम समाप्त भएपछि महाकाश्यप महास्थविरले सबै भिक्षुहरू एकत्र गरी बाटोमा भएको घटनाको वृतान्त बताई आफ्नो मनको विचार प्रकट गर्नु भयो । सबैको विचार वहाँको विचारमा सुप्रसन्न भयो । अनि महाकाश्यप महास्थविरले त्यस संघ सभामा एक कम पाँच सय भिक्षुहरूलाई संगायना गर्नुको निम्ति छान्नु भयो भिक्षु आनन्दलाई छान्नु भएन । पछि सम्पूर्ण भिक्षुहरूले नै वहाँलाई नछानी (नचुनी) हुँदैन भन्ने प्रस्ताव राखे । कसैले त "आनन्द भिक्षु यद्यपि अर्हन्त होइन तैपनि वहाँ एक विरलै धर्म भण्डागारिक हुनुहुन्छ । तथागतको छाँया समान हुनु भएको छ । वहाँ नभैकन धर्म संगायनको काम पूर्ण हुनै सक्दैन" भनी भने । सबैले भनेपछि महाकाश्यप महास्थविरले आनन्दलाई पनि छान्नु भयो । यति निश्चित भएपछि संगायना कहाँ गर्ने भन्ने विषयमा छलफल भयो । राजगृहमा राजा अजातशत्रु हुनु भएको र देश पनि समृद्ध भएकोले जति पनि आवश्यक व्यवस्था छ त्यो राम्रोसँग प्रवन्ध गर्न सजिलो हुने विचार गरी सर्वसम्मतिबाट संगायना गर्ने स्थान राजगृह निर्णय भयो । संगायना गर्नलाई छानी राखेका पाँचसय भिक्षु बाहेक अरू कुनै एकजना भिक्षु पनि राजगृहमा वर्षावास गर्न नपाउने भन्ने सल्लाह पनि भयो । यति सल्लाह भइसकेपछि वैधानिक रूपले यो सल्लाहलाई पास गर्दै यसरी प्रस्ताव राखे–

ज्ञप्ति–प्रस्ताव (Resolution) "आवुसो संघहरू ! तपाईंहरू प्रसन्न हुनुहुन्छ भने फलाना फलानाहरू पाँचसय भिक्षुहरू राजगृहमा वर्षावास गरेर धर्म संगायना गर्नु पऱ्यो; अरू एकजना भिक्षुसम्म पनि त्यस ठाउँमा वर्षावास नगर्नु पऱ्यो ।"– यो सूचना भयो ।

महाकाश्यप महास्थविरले यति प्रस्ताव संघ सभामा राखेपछि अर्को भिक्षु एकजना उठेर त्यस प्रस्तावलाई पास गर्न यसो भन्नुभयो–

अनुश्रावण– "भन्ते संघहरू ! यदि तपाईं संघहरू संगायनाको निम्ति छानिएका पाँचसय भिक्षुहरू सबै र ाजगृहमा वर्षावास गरी धर्म संगायना गर्नुको निम्ति प्रसन्न हुनुहुन्छ भने तथा त्यहाँ अरू भिक्षुहरू कुनै एकजना पनि वर्षावास नगर्नुमा अप्रसन्न नहुनु भए चूप लाग्नु होला, अन्यथा बोल्नु होला ।"– यो अनुश्रावण भयो ।

"दोस्रो पटक भन्ते संघहरू, तेस्रो पटक पनि भन्ते संघहरू ! यति तपाईं संघहरू धर्म संगायना गर्नुको निम्ति प्रसन्न हुनुहुन्छ भने अप्रसन्न नहुनु भए चूप लाग्नु होला, अन्यथा बोल्नु हवस् ।"

यसरी प्रस्तावलाई तीन पटक सम्म दोहऱ्याई सुनाइ सकेपछि पनि कसैले केही नबोले पछि फेरी यसरी प्रस्तावलाई स्वीकृत ठहराए–

*धारणा*– "राजगृहमा पाँच सय भिक्षुहरू मात्र वर्षावास गरी धर्म संगायना गर्नुमा र अरू कुनै एक जना सम्म पनि भिक्षुहरू वर्षावास नगर्नुमा संघहरूको प्रसन्नता छ, राजी छ, तसर्थ सबैले नबोलिकन चूप लाग्नु भयो । अतएव यो प्रस्ताव सर्व सम्मतिबाट पास (स्वीकृत) भयो । यसमा सबैको चित्त बुझेको भनी धारणा (विश्वास) गर्दछु ।"

यसरी वैधानिक रूपले प्रस्ताव पास भए पछि भिक्षुहरू कुनै राजगृह गए कुनै कता गए । राजगृहमा जाने स्थविर हरूको मनमा यस्तो विचार आयो–

"भगवान्ले जीर्ण भैरहेको विहारलाई पुनरूद्धार गर्नु उत्तम छ भन्नु भएको छ । तसर्थ हामीले पहिले भत्की बिग्री राखेको विहार सच्याउनु पऱ्यो ।"

यति विचार गरी वहाँहरूले भत्की बिग्री रहेको विहार सच्याउनु भयो । यसरी वहाँहरूले एक महिना बिताउनु भयो ।

उता आनन्द स्थविर भगवान्को चीवर र पात्र बोकेर आफ्ना परिवार सहित श्रावस्ती जानु भयो । उनी श्रावस्तीमा आउनु भएको समाचार पाएर नगर बासि उपासक उपासिकाहरू धेरै वहाँको अगवानीको निम्ति आए । भेट भएका सबैले उनि आनन्द स्थविर संग यसरी सोधे– "भन्ते ! पहिले पहिले तपाईं भगवान्को साथ जानु भएर भगवान्को साथै फर्कनु हुन्थ्यो । अहिले मात्र तपाईंले भगवान्लाई कहाँ छाडी आउनु भएको ? वहाँको पात्र-चीवर मात्र तपाईंले ल्याउनु भयो । आज भोलि उनि तथागत महाकारुणिक भगवान् कहाँ हुनुहुन्छ ?

महाजनहरूको मायालु प्रश्नले गर्दा आनन्द स्थविर को आँखामा आँसु उम्लेर आयो । वहाँको आँखाबाट आँसु बगेर आएको देखेर सबै सुंक्क सुंक्क गर्दै रोए । क्रमशः रोएको शब्द फैलिन्दै श्रावस्ति नगर सबै विरह ध्वनिले गुञ्जियो । फेरि एक पटक भगवान् परिनिर्वाण हुनु भएको दिनमा जस्तै महारोदन भयो । यसरी जनताहरूको अधीरता देखेर रूखमा बसेका चराचुरूङ्गीहरू पनि कुक्रिएर टोलिएर शोक गर्न थाले । अन्तमा आनन्द स्थविरले सबै महाजनहरूलाई थरथर कम्प भएको ओंठ, बीच बीचमा

अडकेको तर नम्र नरम स्वरबाट निम्न धर्मोपदेश गर्नु भई धैर्य गराउनु भयो–

"उपासक हो ! शास्ताले हामीलाई बारम्बार भन्नु भएको छ कि प्रिय वस्तुबाट वियोग हुनु दुःख, अप्रिय वस्तु संग संयोग हुनु दुःख हो, सम्पूर्ण संस्कार अनित्य छ एक निर्वाण बाहेक अरू कुनै नित्य छैन । जति पनि जन्म भएका प्राणीहरू छन् मरणबाट अन्त नभइ हुँदैन । त्यसकारण वहाँको स्थुल देह पनि आफूले उपदेश गर्नु भएको वचनको प्रमाण झैं सधैं सुखमय निर्वाण धातुमा सधैंको निम्ति परिनिर्वाण हुनु भयो ।"

यसरी जनसमूहलाई अनित्य वर्णन गरी चित्त शान्त गराई उनी भगवान्‌को गन्ध कुटीमा गई पहिले भगवान् छँदा जसरी वहाँको सेवा टहल गर्ने हो त्यस्तैनै पानी तताई दतिवन राखी पंखा हम्की भगवान्‌को पलङ्ग मनि बसेर सेवा टहल गरी रहे । यसरी आनन्द स्थविरले भगवान् नभएको गन्धकुटीमा भगवान् भएको बेलामा जस्तै सेवा टहल गर्दै एक सप्ताह बिताउनु भयो । पछि एक जना सब्रह्मचारी भिक्षुले धर्म संगायनाको निम्ति राजगृहमा जानु पर्ने कुरा उठाए । यो कुरा सुनेर वहाँको मनमा यस्तो भयो–

"अहो ! वर्षावासको समय नजिक आयो । म भने अर्हत् हुन सकेको छैन । म एक जना मात्र अर्हत् नभइकन कसरी संगायनामा जाने । भइगो, शोक मात्र गरेर के गर्नु वीर्य बढाई ध्यानु गर्नु पऱ्यो ।"

यति मनमा राखी वहाँले स्वास्थ्यको विचारले दुधको विरेचन लिनु भई राजगृहमा जानु भयो । अनि त्यहाँ क्रमशः ध्यान गर्नु भयो । एकदिन वहाँले चक्रमण मात्र गरी ध्यान गर्नु भयो । उत्सन्नवीर्य भएको हुनाले शरीर क्लान्त भयो । थकाइ मार्नु विचारले वहाँ आफ्नो कोठामा गई खाटमा पल्टिनुको निम्ति खाटमा बस्नु भयो । पल्टिनुको निम्ति भुईंमा रहेको गोडा उठाई जिउ धल्काउँदै शिर तकिया तिर लानु भयो । शिर तकियामा परेको थिएन गोडा जिमिनबाट उठी सक्यो । यस्तो अवस्थामा उनको आस्रव सबै क्षय भइ अरहत हुनु भयो ।

राजगृहमा राजा अजातशत्रुको संरक्षणमा वेल्भार पर्वतको सप्तपर्णी गुफामा संगायनाको निम्ति सबै भेला भए । एक मात्र आनन्दको ठाउँ खालि थियो । वहाँको अनुपस्थितिले गर्दा काम शुरु गर्न अप्ठ्यारो भैरहेको थियो । भिक्षु संघको बिचमा वहाँको विषयमा चर्चा चल्यो । ठीक सोही बेलामा आनन्द स्थविर ऋद्धि बलले "सप्तपर्णी" गुफामा आइपुग्नु भयो । सभामा बसेका सबैको चित्त प्रसन्न भयो । संगायना कार्य प्रारम्भ भयो ।

त्यस संघ ससभामा सबभन्दा वृद्ध भिक्षु महाकाश्यप महास्थविर हुनु भएकोले वहाँले सर्व प्रथम संघ सभालाई यस्तो सूचना दिनु भयो–

"आवुसो संघहरू ! यदि तपाईंहरूको चित्त प्रसन्न भए तथागत शासनको आयुष्मान भएको विनयलाई नै हामीले पहिले संगायना गर्नु पर्छ । अतएव मैले सबभन्दा पहिले विनय संवन्धि प्रश्न उपालि महास्थविर संग गर्दछु ।

उपालि महास्थविरले पनि संघ सभालाई यस्तो सूचना दिनु भयो–

"भन्ते संघहरू ! यदि तपाईं संघहरूको चित्त प्रसन्न भए महाकाश्यप महास्थविरले सोध्नु हुने विनय सम्बन्धि प्रश्नको उत्तर मैले दिन्छु ।"

यत्ति परस्पर प्रस्ताव राखीसकेपछि संघको सम्मति लिएर महाकाश्यप महास्थविरले आनन्द स्थविरसंग सबभन्दा पहिले ब्रह्मजाल सूत्रको विषयमा यसरी प्रश्न गर्नुभयो–

"आवुसो आनन्द ! ब्रह्मजाल सूत्र शास्ताले कहाँ उपदेश गर्नुभएको ?"

"भन्ते राजगृह र नालन्दाको बीच अम्बलट्ठिकाको राजागारमै ।"

"कसको कारणमा ?"

"सुप्रिय परिव्राजक र ब्रह्मदत्त माणवकको कारणमा ।"

यसरी महाकाश्यप महास्थविरले आनन्द स्थविरसंग निदान, व्यक्ति, स्थान सोध्नुभयो । सोधीसकेपछि सबै संघहरूले आवृत्ति गर्नुभयो । यसैगरी पाँच निकायका सूत्रहरू सोध्नुभयो ।

यसरी प्रत्येक सूत्रको विषयमा माथि भनेझैं सोधी सकेपछि हरेक सूत्रादिको आशय अनुसार सूत्रको नामकरण गर्नुभयो । उस्तै-उस्तै समान रूपको सूत्रहरू छुटचाई वर्ग छुटचाउनुभयो । लामो-लामो सूत्रहरू सबै एकै ठाउँमा राखी निकाय नामकरण गर्नुभयो । यसरी पछिका विद्वानहरूलाई धर्मसूत्र खोज्न सजिलो गर्न सम्झन सजिलो गर्न वर्ग, खण्ड, सूत्र निकाय छुटचाई नामकरण गर्नुभयो । यति गरी सकेपछि सम्पूर्ण विनय र धर्म सुत्र आवृत्ति गर्नुभयो । यस बेला देखि कसैले विशेष रूपले विनय सिक्ने जान्ने इच्छा गरे, कसैले धर्मसूत्र जान्ने विशेष इच्छा गरे । यही तरिकाले पछि-पछिसम्म धर्म र विनयको परम्परा चलिआए । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# उन्नति र पतनको कारण मानिसको आचरण

■ भिक्षु अश्वघोष

मानिसको जीवन सुखमय र शिक्षित हुन शिक्षा अर्थात अध्ययन नभै नहुने हुन्छ। शिक्षा भनेको पढेर ज्ञानी हुने भन्ने चाहिं पक्कै होइन र ज्ञान बाहिर बाट आउँछ, ज्ञानी हुनु भित्रबाट हुन्छ। पढेर र सुनेर आफ्नै मनले वा ज्ञानले सम्झी यो राम्रो हो, यो नराम्रो हो भनी बुझी महसूस गरी सतर्क हुनसके मात्र शिक्षित र ज्ञानी हुन सकिन्छ। आमाबाबुले आफ्ना छोराछोरीलाई स्कूलमा पढ्न पठाउनुको दुईटा कारण छन्-पढेर आफ्नो बच्चा ठूलो मानिस बनोस् र ज्ञानी पनि होस्। शिक्षा भनेको स्कूलमा पढेर मात्र प्राप्त हुने कुरा होइन। सज्जनहरूको संगत र राम्रो कुरा सुनेर पनि शिक्षा लिन सकिन्छ। तर डाडुले दिनका दिन तरकारी चलाए पनि तिहुनको स्वाद थाहा नपाए जस्तो संगत गरेर मात्र कहाँ शिक्षा पाइन्छ र ? चालनीबुद्धि मानिस कहिल्यै पनि शिक्षित हुन सक्दैन। चालनीले राम्रो जति फाली दिन्छ, नराम्रो मात्र जम्मा गर्ने गर्छ। नाङ्लोबुद्धिले मानिस शिक्षित र ज्ञानी हुनसक्छ। नाङ्लोले काम नलाग्नेलाई बाहिर फालिन्छ र काम लाग्ने मात्र बचाउने, जम्मा गर्ने काम गर्छ। आजभोलि त चालनीबुद्धि भएका मानिसहरूको संख्या बढी देखिन्छ, तर नाङ्लोबुद्धि र विवेक बुद्धि भएका मानिसहरूको संख्यामा ह्रास भईरहेको देखिन्छ।

स्कूलमा गएर नपढी देश-बिदेशको भ्रमण गरेर पनि शिक्षा लिन सकिन्छ, ज्ञानगुण हासिल गर्न सकिन्छ। नाटक हेरेर पनि शिक्षा लिन सकिन्छ, सिनेमा र टी.भी. हेरेर पनि शिक्षा लिन सकिन्छ। तर, राम्रो मात्र नाङ्लोले जम्मा गरे जस्तै राम्रो काम टिपेर लिन सक्नु पर्छ। तर आजभोलि त सिनेमा हेरेर चरित्र भ्रष्ट हुने कुरा मात्र सिक्ने र प्रेरणा लिनेहरू बढी देखिन्छन्।

बुद्ध धर्मअनुसार पढेलेखेर विद्वान भएकोलाई मात्र शिक्षित भनिन्दैन। साँच्चै नै विद्वान र सभ्य त्यसलाई भनिन्छ, जो पढेलेखे अनुसार सदाचारी हुन्छ, आमाबाबु, जेठा तथा गुरूजनहरूको सम्मान गर्न जानेको छ, घमण्डी हुँदैन, अनपढ र गरीबलाई हेला गर्दैन। अशिक्षितहरूलाई तालीम दिन सजिलो छैन। तर, मनोबैज्ञानिक तरिकाबाट सम्झाई बुझाई शिक्षा दिनसके तालिम हुन्छ, पढेलेखेका विद्वानहरूले राम्रो विकासको काम गर्नेप्रति ईर्ष्या र डाहा गर्दैनन्। 'एकतामा अनेकता' ल्याउँदैनन्। आफूलाई पनि अरूलाई पनि हित र भलो हुने, उपकार हुने काम गर्छन्। यस्ता गुणभएका व्यक्ति शिक्षित र विद्वान भनिन्छन्।

आजभोलि अपवादस्वरूप मानिसहरू आई.ए, बी.ए., आदि पास भएपछि घरगृहस्थीको काम गर्न मन गर्दैनन्। तरकारी आदि किन्न बजार जाऊ भन्दा खेरि पढेर परीक्षा पास गरेको पसल गएर किनमेल गर्नलाई होइन। तरकारी किन्न जाने काम त अक्षर पढ्न नजान्नेहरूको काम हो। नोकरको काम हो भन्ने सुनिन्छ। पढेपछि सेवक बन्ने होइन, मालिक बन्नखोज्ने दास प्रवृति कहाँबाट आएको ! यो शिक्षानीति नै "च्योबुद्धि" दासबुद्धिको हो कि ! पढेलेखेका छोराछोरीबाट घरको कामकाज नहुने भएपछि केहीले भन्न थालेको छन्, "आजभोलि अनपढ छोरा-बुहारी र छोरी नै ठीक" छोराहरूलाई पढाउन पनि नमिल्ने भएको छ। पढेलेखेकाहरूले बूढाबूढी आमाबाबुहरूको वास्ता गर्दैनन् भन्न थालेका छन्।

पाली साहित्यको पराभव सूत्र अनुसार बुद्धले भन्नु भएको छ– "सुविजानो भवं होति-सुविजानो पराभवो" अर्थात-पढेलेखेको मान्छे उत्थान पनि हुन्छ, पढेलेखेको मान्छे पतन पनि हुन्छ,। कुनै कुनै पुस्तकमा यसरी अर्थ लेखिएको पाइन्छ-उन्नति र पतन हुने उसको आचरण अनुसार हो।

साधारण समाजको व्यवहारतिर दृष्टि राख्दा के देख्न पाइन्छ भने पढेलेखेर मात्र मानिस शिक्षित हुँदैन, ठूलो मानिस बन्दैन। शिक्षित वर्गले नै ठूला गल्ती र अपराध गरिरहेको पाइन्छ। पढेलेखेका शिक्षित व्यक्तिहरूले (भिक्षुहरूले) पनि भन्नेलाई भन्न देऊ भनी अट्टेरी हृदय भई बस्दछन्, लाज, शर्म र भयहीन भएका छन्। मानिसको व्यवहारले नै उसको शिक्षितपन र विद्वता चिन्न सकिन्छ। कामले मानिस उच्च र नीच हुन्छ जातले हुँदैन भनेर बुद्धले भन्नुभएको प्रमाण वसल सूत्रमा छ।

"न जच्चा वसलो होति न जच्चा होती ब्राह्मणो" अर्थात जन्मले कोही पनि नीच र ब्राह्मण हुँदैन। "कम्मना वसलो होति-कम्मना होति ब्राह्मणो" अर्थात् कामले नीच र ब्राह्मण हुन्छ।

पढेलेखे अनुसार इमान्दारीपन र अलि नि:स्वार्थी हुनसके राम्रो हुने अझ आफ्ना कमजोरी र गल्ती महसूस गरेर आत्मालोचना गर्नसके 'सुनमाथि सुगन्ध' थपिने हुन्छ । शिक्षाको महत्व पनि बढ्छ । देशको संस्कृति र सभ्यता पनि सुरक्षित हुन्छ । पुरानो कला वस्तु र रीतिस्थितिको रक्षा गर्नु मात्रलाई संस्कृति भनिंदैन । मानिसको सभ्य जीवनसित संस्कृतिको घनिष्ट सम्बन्ध छ । संस्कृतिको रक्षाको लागि आर्थिक जीवनमा पनि सुधार आउनुपर्छ । जति भए पनि नपुग्ने तृष्णाको जालमा फस्नेले पनि संस्कृतिको रक्षा गर्न सक्दैन । भोकाएको मानिसबाट पनि संस्कृतिको रक्षा हुन सक्दैन । हाज फोहरी काठमाडौं देखेर विदेशीहरू नेपालमा संस्कृति नै छैन भदन्छन् । नेपालीहरू साह्रै अशिक्षित वर्गमा समावेश भएका छन् र यद्यपि नेपाललाई प्राकृतिक सौन्दर्य र धार्मिक परम्पराले धनी बनाएको छ । बुद्धको जन्मभूमि र सगरमाथाले नेपालीको शीर जति ठाडो भएको छ, उतिकै फोहर पहाडले नेपाल धेरै तल खसेको छ । अत: नेपालमा कस्तो प्रकारको शिक्षा दिइन्छ भन्ने प्रश्न खडा भएको छ । तर जवसम्म साँच्चैका शिक्षक वर्गको विद्यमान हुन्छ, तबसम्म संस्कृतिको भविष्य उज्वल हुनेछ । ■

धर्मप्रचार — समाचार

**मेत्ता सेन्टर' बाल आश्रमको ८ औं वार्षिक उत्सव सम्पन्न**

*२०६५ भाद्र २८ गते, शनिवार,*
*स्थान- ध्यानकुटी विहार, बनेपा ।*

मेत्ता सेन्टर (मैत्री केन्द्र) बाल आश्रमको ८ औं वार्षिक उत्सव YPF का अध्यक्ष एवं माननीय सभासद श्री एकनाथ ढकालको प्रमुख आतिथ्यमा सुसम्पन्न भएको समाचार प्राप्त भएको छ ।

उक्त कार्यक्रममा बालाश्रमको चित्र प्रदर्शन, बालआश्रमका बालिकाहरूबाट जयमंगल गाथा वाचन, कविता वाचन गरिएको थियो । मेत्ता सेन्टरका प्रवन्धक एवं कोषाध्यक्ष भिक्षु राहुलले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा सचिव विरेन्द्र श्रेष्ठले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

विभिन्न महानुभावहरूबाट आ-आफ्नो मन्तव्य व्यक्त पश्चात् मेत्तासेन्टरका सुश्री नानुमैया शाक्यज्यूले धन्यवाद ज्ञापनगरी सभा विसर्जन गरिएको थियो ।

**ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग**

| | | | |
|---|---|---|---|
| १. | अम्बिका नकर्मि, ढल्को | रु. | ५,११००/- |
| २. | मंगल लक्ष्मी तुलाधर, कालोपुल | रु. | ३३००/- |
| ३. | रोहन्जित, श्रीलंका | रु. | ३,०००/- |
| ४. | शर्मिला, विद्या सागर, हर्ष सागर तुलाधर | रु. | ३,०००/- |
| ५. | मैया महर्जन, कालधारा | रु. | १,५००/- |
| ६. | अनागारिका वीर्यपारमिता, मुदिता पुच: | रु. | १,२००/- |
| ७. | स्व. दिलमाया शाक्यया नामं विकाशचन्द्र शाक्य | रु. | १००० /- |
| ८. | विकाश चन्द्र शाक्य बनेपा | रु. | १०००/- |
| ९. | शर्मिला शाक्य, गल्को पाखा, ठमेल | रु. | १,०००/- |
| १०. | थेचो वेणुवन विहारका दाताहरू | रु. | ७००/- |
| ११. | केशचन्द्र शाक्य, बनेपा | रु. | ६००/- |
| १२. | अमरशोभा स्थापित, चहमती | रु. | ५००/- |
| १३. | अमर लक्ष्मी तुलाधर | रु. | ५००/- |
| १४. | रूपेन्द्र उर्मिला श्रेष्ठ | रु. | ५००/- |
| १५. | विजत रोशना तुलाधर | रु. | ५००/- |
| १६. | विना नकर्मि, सातदोबाटो | रु. | ५००/- |
| १७. | रमेश नकर्मि,मेतीदेवी | रु. | ५००/- |
| १८. | चिनिशोभा कंसाकार, जमल, | रु. | ३००/- |
| १९. | केश चन्द्र शाक्य | रु. | ३००/- |
| २०. | सपन केशरी शाक्य | रु. | २००/- |
| २१. | हिमाली वीरकोन | रु. | २००/- |
| २२. | गणेश प्रधान | रु. | २००/- |
| २३. | दश नारायण पोटे | रु. | १११/- |
| २४. | गणेश माया श्रेष्ठ | रु. | १०३/- |
| २५. | रूपा नकर्मी | रु. | १००/- |
| २६. | बिर्गिर नेल्सन् डेनमार्क | रु. | १००/- |
| २७. | सेता थम्सन् डेनमार्क | रु. | १००/- |
| २८. | ब्रह्म तुलाधर डेनमार्क | रु. | १००/- |
| २९. | मदन नकर्मि डेनमार्क | रु. | १००/- |
| ३०. | मन्दिरा ताम्राकार, मरूटोल | रु. | १००/- |
| ३१. | मिलन थापा | रु. | ५०/- |
| ३२. | बसन्त केशरी शाक्य | रु. | ५०/- |
| ३३. | दिल शोभा शाक्य | रु. | ५०/- |

 Downloaded from http://www.dhamma.digital 

# योग अभ्यास विधि - भाग ४१

■ रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. गोपाल प्रधान
*रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योति समूह नेपाल, भोटाहिटी, काठमाण्डौ, फोन नं: ४२२४०८५*

## के हो 'रेकी' उपचार ?

गत अङ्कमा तपाईहरूलाई नियमितताको बारेमा जानकारी गराएको थिएँ र यस अङ्कमा रेशादार भोजनबाट हुने फाइदाहरूको बारेमा जानकारी प्रस्तुत गर्न लागेको छु । कुनै पनि प्रकारको भोजन अर्थात् आहारबाट नै हामीलाई कुनै प्रकारको रोग लाग्न सक्दछ वा भोजनबाट नै हामीलाई निरोगी पनि बनाउन सक्दछ भन्ने बारे प्रस्तुत गरेको थिएँ सोही अनुरूप क्रमश: प्राकृतिक आहार बारे थप जानकारी प्रस्तुत गर्न लागेको छु ।

हामीले नियमित प्रयोग गर्ने भोजनमा रेशादार खानाको विशष महत्व रहेको हुन्छ। रेशादार खानाले हाम्रो अवशोषण र मल निस्कनलाई ठीक राख्दछ । रेशादार खानाले कब्जियत हुन दिँदैन । कब्जियत नभएमा पेटको धेरै जसो रोगबाट बच्न सकिन्छ । आहार विशेषज्ञहरूको भनाइ छ कि हामीले खाने दैनिक भोजनमा रेशा (फाइवर) को मात्रा प्रतिदिन ३५ देखि ५० ग्रामको आवश्यकता पर्दछ । यसका लागि हामीहरूलाई यो थाहा हुनुपर्दछ कि कुन भोजनमा बढी रेशा पाइन्छ या कुन भोजनमा कम पाइन्छ । शरीर लाई प्रतिदिन कति रेशाको आवश्यकता पर्दछ भन्ने कुरा जान्नुपर्दछ । रेशा भन्नाले बोक्रा, चोकर आदिलाई बुझ्नुपर्दछ । स्वास्थ्यताका लागि नियमितता आवश्यक भए जस्तै हाम्रो शरीरका लागि रेशायुक्त भोजनको अति आवश्यकता पर्दछ किनकि हामीले नियमित खाने खानामा प्राय: कोलेस्ट्रोल हुन्छ । रेशायुक्त भोजन गर्नाले रगतमा हुने चिल्लोलाई कम गराउन मद्दत गर्दछ जसले हृदय रोग जस्ता रोग लाग्नबाट बचाउँछ । यहाँ केहि रेशादार भोजनबाट हुने फाइदा बारे जानकारी प्रस्तुत गर्न लागेको छु ।

१. कोलेस्ट्रोल वा ट्राइगीलीसिरायड जस्ता रगतमा हुने चिल्लोलाई कम गराउन मद्दत गर्दछ ।
२. रेशादार भोजनले शरीरको तौललाई बढ्न दिँदैन ।
३. रेशादार भोजनले शरीरमा भएको ग्लुकोजलाई नियन्त्रण गर्दछ । यसैले मधुमेहका रोगीहरूलाई पनि विशेष फाइदाजनक हुन्छ ।
४. रेशादार भोजनले कब्जियत हुन दिँदैन ।
५. रेशादार भोजनले आमाशयमा लाग्ने रोग आदि हुन दिँदैन ।
६. रेशादार भोजनले हरणिया, बबासीर, पाइल्स आदि रोग लाग्न दिँदैन ।
७. रेशादार भोजनले कलेजोलाई सक्रंमीत हुनबाट बचाउँछ ।

यसकारण हामीले नियममित गर्ने भोजन रेशादार हुनुपर्दछ । जसबाट हामीले उच्च रक्तचाप जस्ता हृदय विदारक रोग लाग्नबाट बचाउँछ ।

रेशादार खानाहरू– अन्न, गहुँको पिठो, दलिया, जौको सातु, रातो चामल (ब्राउन् राइस), मकैको च्याख्ला आदि । दालहरू गेडा मुङ्ग, चना, राजमा, भटमास, अङ्कुरित गेडागुडीहरू, बोक्रा सहितको दालहरू आदि ।

तरकारी/सागपात– हरियो सागपात एवं तरकारीहरू काँचो खान मिल्ने तरकारी, गाजर, मुला, चुकंन्दर, काँक्रो, बन्दा आदि ।

फलफूल– अङ्गुर, नासपाति, स्याउ, अम्बा, अंजिर, मुनक्का, खजुर, आँप, खरभुजा आदि ।

के हो रेकी उपचार ? अन्तरगत हामीले थुप्रै जानकारीहरू प्रस्तुत गरीसकेका छौं । यदि तपाईंलाई पनि रेकी उपचार पद्धतिको शिक्षा दिक्षा लिएर सदैव स्वस्थ रहन इच्छुक हुनुहुन्छ भने एकपटक यस संस्थामा पाल्नु हुन अनुरोध गर्दछु साथै तपाईंलाई रेकी उपचार पद्धतिबाट उपचार लिएर स्वस्थता प्राप्त गर्न इच्छुक हुनुहुन्छ भने पनि यस संस्थामा हार्दिक स्वागत गर्दछु । ■

★ *"कठोर वचन नबोल, अरूले पनि तिमीलाई उसैगरी कडा वचन बोल्ने छ, कडा बोल्नाले त्यसको बदला दण्ड पाउने छौ ।"* – धम्मपद

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# मिलिन्द-प्रश्न - १७

## (दोस्रो परिच्छेद)

■ अनु. आनन्द प्रधान

### २०. आरम्भको पत्तो

राजाले भन्नुभयो– "भन्ते ! तपाईं जुन भन्नुहुन्छ - आरम्भ कहाँबाट हुन्छ यसको पत्तो छैन - अत: यो आरम्भ के हो ?"

"महाराज ! जुन भूतकाल हो त्यही आरम्भ (शुरूवात) हो ।"

"भन्ते ! त्यसो भए के कुनै पनि आरम्भको पत्तो लाग्दैन ?"

महाराज ! कुनैको पत्तो लाग्छ कुनैको पत्तो लाग्दैन ।"

"भन्ते ! कुनको पत्तो लाग्छ र कुनको लाग्दैन ?"

"महाराज ! पहिले कहिल्यै अविद्या थिदैथिएन, त्यस्तो "आरम्भको पत्तो लाग्दैन । यदि कुनै चीज नभएर हुनजान्छ र कुनै भएर नष्ट हुनजान्छ– भने त्यस्तो "आरम्भ" को पत्तो लाग्छ ।"

"भन्ते ! यदि कुनै चीज नभएर हुन्छ र भएर नष्ट हुनजान्छ– भने यसरी दुवैछेउ काटिदिएमा के स्थिति हुन्छ ?"

"महाराज ! हो यदि त्यसको दुवैछेउ काटिदिएमा दुवै छेउ बढेर आउँछन् ।"

"भन्ते ! मैले यो सोधेको होइन । त्यो आरम्भ (जुन ठाउँमा काटियो त्यहाँबाट) बाट बढ्न सक्छ कि सक्दैन ?"

"हो, बढ्न सक्छ ।"

"कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"

"स्थविरले त्यही बीउ र रूखको उपमा बताउनुभयो– यी स्कन्ध दु:खहरूको प्रवाहको बीउ हो ।"

"भन्ते ! तपाईले ठीक भन्नुभयो ।"

### २१. संस्कारको उत्पत्ति र त्यसबाट मुक्ति

राजाले भन्नुभयो– "भन्ते ! के यस्ता संस्कारहरू छन् जुन उत्पन्न हुन्छ ?"

"हो, छन् ।"

"ती कुन कुन हुन ?"

"महाराज ! चक्षु र रूप हुनाले चक्षुविज्ञान उत्पन्न हुन्छ । चक्षुविज्ञान हुनाले– चक्षु स्पर्श हुन्छ । त्यसले वेदना हुन्छ । वेदना (कुशल, अकुशल प्रतिक्रिया) ले तृष्णा हुन्छ । तृष्णा (राग, इच्छा) हुनाले उपादान (सांसारिक भोगको आसक्ति) हुन्छ । उपादान हुनाले भव (गर्भाशयमा प्रवेश, प्रतिसन्धि) हुन्छ । भव हुनाले जन्म-ग्रहण हुन्छ । जन्म-ग्रहण हुनाले बूढचौली अवस्था, मर्नु, शोक, रूनुकराउनु, छातीपिट्नु, दु:ख , छटपटी र दिक्क हुन्छन् । यसरी खालि दु:खै दु:ख मात्र हुन्छन् ।"

"महाराज ! चक्षु र रूप नभए चक्षुविज्ञान उत्पन्न हुँदैन । स्पर्श हुँदैन । वेदना (बोध) हुँदैन । तृष्णा हुँदैन । उपादान हुँदैन । भव हुँदैन । जन्म हुँदैन । बूढचौली अवस्था मरण हुँदैन । यसरी दु:खको सारा प्रवाहहरूबाट मुक्त हुनजान्छ ।"

"भन्ते ! सही छ ।"

### २२. तिनै चीजहरू उत्पन्न हुन्छन् जसको स्थितिको प्रवाह पहिलेदेखि चलेर आएको हुन्छ

राजाले भन्नुभयो– "भन्ते ! के यस्ता संस्कारहरू छन् जो नभएर पनि उत्पन्न हुनेगर्छन् ?"

"महाराज ! यस्ता कुनै संस्कारहरू छैनन् जुन नभइकन पनि हुनेगर्छन् । तिनै संस्कारहरू मात्र उत्पन्न हुन्छन् जसका प्रवाह पहिलेदेखि चलेर आएको छ ।"

*१. "कृपा गरेर उपमा दिएर सम्झाउनुहोस् ।"*

"महाराज ! तपाईं जुन घर (दरबार) मा बस्नु भएको छ के त्यो नबनाइकन भएको हो ?"

"भन्ते ! यस्तो कुनै पनि चीज छैन जो हुँदै नभएर हुनजान्छ । तिनै चीजहरू मात्र उत्पन्न हुन्छन् जसको प्रवाह पहिलेदेखि चलेर आएको छ ।"

"यी काठहरू पहिले जंगलमा विद्यमान थियो । यो माटो पहिले धर्ती (जमिन) मा थियो । लोग्ने स्वास्नीको मेहनतले यो घर तयार भएको हो ।"

"महाराज ! यसरी कुनै पनि संस्कारहरू छैनन् जुन हुँदै नभइकन उत्पन्न भएका छन् । तिनै संस्कारहरू उत्पन्न हुन्छन् जसका सिलसिला पहिलेदेखि चलेर आएको छ ।"

*२. "कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"*

"महाराज ! सबै वनस्पति (रूख तथा झारपात) माटोमा उम्रिएर बढ्छन् ठूला हुन्छन, फुल्छन र फल्छन् । यी सबै नभइकन उत्पन्न भएका होइनन् बरू यिनीहरूको अस्तित्व (स्थिति) को प्रवाह पहिलेदेखि नै चलेर आएको छ ।"

"महाराज ! यसरी यस्ता कुनै पनि चीज छैनन् जुन



Downloaded from http://www.dhamma.digital

हुँदै नभइकन हुन्छन् । तिनै चीजहरू मात्र उत्पन्न हुन्छन् जसका प्रवाह पहिलेदेखि चलेर आएको छ ।"

३. *"कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"*

"महाराज ! कुमालेले भुइँबाट माटो झिकेर त्यसबाट धेरै किसिमका भाँडाहरू कल्पना गरेर बनाउँछ । ती भाँडाहरू नबनाइकन भएका होइनन्, तिनीहरूका स्थितिका प्रवाह माटोबाट भएर आएको छ ।"

"महाराज ! यसरी यस्ता कुनै संस्कारहरू छैनन् जुन हुँदै नभइकन उत्पन्न हुन्छन् । तिनै चीजहरू उत्पन्न हुन्छन् जसका स्थितिका सिलसिलामा पहिलेदेखि चलेर आएको छ ।"

४. *"कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"*

"यदि वीणाको पत्र, छाला, खोक्रो काठ, मुर्रा (=दण्ड), घाँटी (बाजाको) अथवा धनु (तार रेट्ने साधन) नभए र कोही बजाउने मान्छे पनि न भए के त्यसबाट कुनै आवाज निस्किन्छ ?"

"निस्किँदैन भन्ते ।"

"अनि यदि सबै चीजहरू छन् भने ?"

"भन्ते ! त्यसो त आवाज निस्किन्छ ।"

"महाराज ! यसरी यस्ता कुनै संस्कारहरू छैनन् जुन नभइकन उत्पन्न हुन्छन् । तिनै चीजहरू उत्पन्न हुन्छन् जसका स्थितिका प्रवाह पहिलेदेखि चलेर आएको छ ।"

५. *"कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"*

"महाराज ! यदि अरणि (आगो उत्पन्न गर्ने डण्डी, सर, फिर्के) नभए, अरणिपोतक नभए, नेती (डोरी), उत्तरारणि नभए, थाङना टालो नभए र आगो उत्पन्न गर्ने कोही मान्छे पनि नभए के आगो निस्किन्छ ?"

"निस्किँदैन भन्ते ।"

"अनि सबै चीजहरू छन् भने ?"

"भन्ते ! त्यसो त आगो निस्किन्छ ।"

"महाराज ! यसरी यस्ता कुनै संस्कारहरू छैनन्, जुन हुँदै नभइकन उत्पन्न हुन्छन् । तिनै चीजहरू उत्पन्न हुन्छन् जसका स्थितिको सिलसिला पहिलेदेखि चलेर आएको छ ।"

६. *"कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"*

"महाराज ! यदि बाल्ने काँच (शीशा) छैन, घामको चर्को प्रकाश छैन र सुकेको गोबर गुइँठा पनि छैन भने के आगो निस्किन्छ ?"

"निस्किन्दैन भन्ते ।"

"अनि ती सबै चीजहरू छन् भने ?"

"भन्ते ! त्यसो त आगो निस्किन्छ ।"

"महाराज ! यसरी यस्ता कुनै संस्कारहरू छैनन् जुन हुँदै नभइकन उत्पन्न हुन्छन् । तिनै चीजहरू मात्र उत्पन्न हुन्छन् जसका स्थितिका प्रवाह पहिलेदेखि चलेर आएको छ ।"

७. *"कृपा गरेर फेरि पनि उपमा दिएर सम्झाउनुहोस् ।"*

"महाराज ! यदि ऐना नभए, उज्यालो नभए र हेर्ने मान्छे पनि नभए के कुनै छाँया देखिन्छ ?"

"देखिँदैन भन्ते ।"

"अनि यदि ती सबै चीजहरू छन् भने ?"

"भन्ते ! त्यसो त छाँया देखिन्छ ।"

"महाराज ! यसरी यस्ता कुनै संस्कारहरू छैनन् जुन हुँदै नभइकन उत्पन्न हुन्छन् । तिनै चीजहरू उत्पन्न हुन्छन् जसका अस्तित्वको प्रवाह पहिलेदेखि चलेर आएको छ ।"

"भन्ते ! तपाईंले एकदम स्पष्ट पार्नुभयो ।"

**२३. हाम्रो शरीरमा कुनै आत्मा छैन**

राजाले भन्नुभयो– "भन्ते ! जान्ने (ज्ञाता) कोही (आत्मा) छ कि छैन ?"

"महाराज ! त्यो जान्ने (ज्ञाता) को हो ?"

"भन्ते ! जुन जीव हाम्रो शरीरभित्र बसेर आँखाले रूपहरू हेर्छ, कानले शब्दहरू सुन्छ, नाकले गन्धहरू थाह पाउने काम गर्छ, जिब्रोले स्वाद लिन्छ, शरीरले स्पर्शको अनुभव गर्छ र मनले धर्म (गुण, कुरा, कार्य) हरूलाई जान्दछ । जसरी हामी यो कोठामा बसेर जुनजुन झ्यालबाट– पूर्वपट्टि भएको झ्यालबाट, अथवा पश्चिमपट्टि भएका झ्यालबाट अथवा दक्षिणपट्टि भएको झ्यालबाट अथवा उत्तर पट्टि भएको झ्यालबाट हेर्न चाहेमा हेर्न र देख्न सक्छौं ।"

स्थविरले भन्नुभयो– "महाराज ! पाँचओटा ढोका कुनकुन हुन् ती म बताउनेछु, तपाईं ती कुरा मन लगाएर सुन्नुहोस् ।"

"हामीहरू कोठाभित्र बसेर पूर्व-पश्चिम, उत्तर, दक्षिण कुनै पनि झ्यालबाट बाहिरका रूपहरूलाई देख्न सक्छौं, उसै गरी हाम्रा शरीरभित्र बस्ने जीवमा भएका आँखा, कान, इत्यादि सबै इन्द्रियहरूले रूपहरू हेर्ने, शब्दहरू सुन्ने, गन्धहरू सुँघ्ने, रसहरूको स्वाद लिने, स्पर्श गर्ने अथवा धर्महरू जान्ने सामर्थ्य (योग्यता, शक्ति) हुनुपर्छ ।"

"भन्ते ! यस्तो कुरो चाँहि हुन सक्दैन ।"

"महाराज ! त्यसो भए तपाईंले पहिले भन्नु भएको कुरो पछिको सित, पछि भन्नु भएको कुरा पहिले भन्नु भएको कुरोसित मेल खाँदैन ।"

*क्रमशः*

# श्रेय र प्रेय

■ नरेन्द्रनाथ भट्टराई

जुन काम कुराले शान्ति दिन्छ त्यसलाई श्रेय र जुन काम कुराले मानिसलाई भौतिक सुख सुविधा दिन्छ त्यसलाई प्रेय भनिन्छ । विश्वका प्राय: सबैजसो मानिस प्रेयकै पछि लागिरहेका छन् । प्रय क्षणिक हुन्छ, पहिले सुख दिन्छ तर पछि गएर दु:ख र चिन्ता पारिदिन्छ । श्रेय सुरुमा दु:खदायक जस्तो देखिन्छ तर पछि गएर आनन्दमा डुबाइदिन्छ । जस्तै धन, पद, प्रतिष्ठा प्रेयका आभूषण हुन् । यी कुरा पाउँदा सुख हुन्छ तर पाउँदापाउँदैदेखि यिनको संरक्षण र संवर्द्धनको दु:ख सुरू हुन थालिहाल्दछ । शान्ति, सन्तोष, प्रेम र दया श्रेयका आभूषण हुन् । यिनलाई संरक्षण संवर्द्धन भने केही गर्नुपर्दैन । यसलाई जति बाँड्यो, जति दियो उति उति बढ्न थाल्दछ । तर यी दुइटा कहिल्यै मिलेर एकैसाथ बस्न सक्तैनन् । एउटा अङ्गाल्यो कि अर्को टाढा भागिहाल्दछ । विवेकशील, बुद्धिमान मानिस श्रेयलाई अङ्गाल्दछन् भने मूर्ख बेहोसी मानिस प्रेयलाई अङ्गाल्दछन् । प्रेयलाई अङ्गाल्ने मानिस कहिल्यै आत्मज्ञानको अधिकारी हुन सक्तैन । श्रेयलाई अङ्गाल्ने मानिस आत्मज्ञानबाट बञ्चित हुनै सक्तैन ।

उद्दालकले विश्वजित यज्ञ गर्दा दूध नदिने, थाकेका, बूढी गाईहरू दान दिएंको देख्दा चित्त नबुझी पुत्र नचिकेताले बाबुलाई प्रश्न गर्दा बाबु भित्रभित्रै रिसाएर बसेका थिए । यत्तिकैमा नचिकेताले प्रश्न गरे, 'यत्रो महादान गर्न लाग्नुभएकोले मलाई कसलाई दान दिनुहुन्छ नि ?" रिसको झोंकमा, 'तँलाई यमराजलाई दिन्छु !' भनी भने । नचिकेता तुरुन्तै पिताको आज्ञा पूरा गर्न यमलोकतिर हिंडे । यमराजलाई भेट्ने दृढता गरेर यमको ढोकामा तीन दिनसम्म भोकै कुरेर बसे । दृढव्रति नचिकेतालाई देखेर खुसी हुँदै यमराजले तीनवटा वर माग्न आग्रह गर्नुभयो । नचिकेताले मृत्यु भनेको के हो ? मृत्युको रहस्य बताइदिनुहोस् भनी अन्तिम वर माग्दा यस्तो ज्ञानको कुरा बुझ्न कठिन छ तसर्थ तिमीलाई प्यारो लाग्ने धन, पद, प्रतिष्ठा, सुख, वैभव जे मागे पनि माग दिन्छु भनी अनेकन प्रेय वस्तुका प्रलोभन यमराजले देखाएर खूब फकाउनुभयो । नाशवान् यस्ता कुरा चाहिँदैन भनी आफ्नो मागमा अडिग रहे । तब यमराज अत्यन्त प्रसन्न हुँदै नचिकेतालाई भन्नुभयो, 'बाबु तिमीले श्रेयलाई चिन्यौ, प्रेयलाई त्याग्यौ, तिमीजस्ता महान् व्यक्ति नै आत्मज्ञानका अधिकारी हुन्छौ भनी आत्मज्ञान दिनुभयो ।

उद्दालक प्रेयका प्रतीक हुन् भने नचिकेता श्रेयका । विश्वजित यज्ञ सांसारिक प्रतिष्ठाको द्योतक हो । ■

*१. अनेकन कर्म गर्दा गर्दै यो शरीर र मन, सुख-दु:ख, जन्ममरणको चक्करमा परेर घुमिरहेको देख्दा पनि अझ किन नचेतेको ! अब त कर्मजाललाई छोडेर बसौ ।*

*२. बिना परिश्रम वा धेरै परिश्रमबाट पाइने कुरा चाहे जतिसुकै महत्वपूर्ण किन नहोस् आजका मानिसको ध्यानै जाँदैन । टाढा, दुर्गम, हिमालको चुचुरो, आकाशमाथि मंगलग्रह, शुक्रग्रहमा पुगेर अनि वेद, बाइबल, कुरान धम्मपद गुरुग्रन्थ आदि कण्ठ गरेर भगवान् पाउने कल्पना गर्दछन् किनकि भगवान् आफैभित्र सर्वासर्वत्र अटूट रूपमा हुनुहुन्छ । केवल कतै जानबाट र केही गर्नबाट मात्र जोगिनु छ ।*

*साभार- परमात्माको दर्शन (चिन्तनधारा)*

- ❐ *"फुटेको काँसको थाल झैं नि:शब्द हुनु सक्यौ भने तिमीलाई निर्वाण प्राप्ति हुन्छ, तिम्रो निम्ति कलह (हिंसा) केही हुनेछैन ।"*
- ❐ *"मूर्खलाई पाप गर्दा दु:ख हुन्छ भन्ने ज्ञान हुँदैन, पछि आफ्नो कर्मको फल भोग्ने बेलामा उसलाई आगोले झैं पोल्ने पछुतो हुन्छ ।"*

*– धम्मपद*



Downloaded from http://www.dhamma.digital

# भिक्षु आनन्द

■ सितु मानन्धर*

भिक्षु आनन्दको बुद्ध शासनको स्थान उनले जन्मनुभन्दा अगाडि नै प्राप्त गरेका थिए । आनन्द भन्ते पनि भगवान बुद्धझैं तुसिता भूवनबाट सोहि दिन शाक्य कुलमा नै जन्मनुभएका थिए । उनीले ३७ वर्षमा गृहत्याग गरी बुद्ध शासनमा प्रवेश गरेका थिए ।

जब भगवान् बुद्ध र आनन्द भन्ते दुवै ५५ वर्ष भए, भगवानले सबै भिक्षुहरूलाई बोलाउनुभयो र भन्नुभयो– "मेरो २० वर्षको भिक्षुत्वकालमा र संघका पिताको अवधिमा धेरै मानिसहरूले मेरो सेवा गरे तर कसैले पनि आफ्नो पदिय दायित्व पूरा गर्न सकेनन् । आज म ५५ वर्षको भएँ । त्यसैले मलाई एउटा विश्वासिलो र भरपर्दो सेवक चाहिएको छ ।" बुद्धका यी कुरा सुनेर त्यहाँ उपस्थित सबै भिक्षुहरूले सो पदमा रही बुद्धको सेवा गर्ने इच्छा राखे तर बुद्धले कसैको सेवा स्वीकार गर्नुभएन । त्यसपछि सबै भिक्षुले आनन्दतिर हेरेर बुद्धको सेवा गर्ने इच्छा नगर्नाको कारण सोध्छन् । यसैमा आनन्द भन्तेले यसरी जवाफ दिन्छन्– "भगवान् बुद्धलाई आफ्नो सुयोग्य सेवकको बारेमा राम्रो ज्ञान छ ।"

आनन्द भन्तेको यस्तो कुरा सुनेर भगवान् बुद्धले आनन्द भन्तेलाई आफ्नो सेवक बनाउने प्रस्ताव राख्छन् । आनन्द भन्तेले पनि यस प्रस्तावका लागि आठ वरदान माग्छन् । ती वरदान हुन्–

(१) भगवानले प्राप्त गरेको भोजन आफूलाई दिन पाउने छैन ।
(२) भगवानले दानमा प्राप्त गरेको वासस्थान आफूलाई दिन पाउने छैन ।
(३) तथागतले दानमा प्राप्त गरेको चीवर आफूलाई दिन पाउने छैन ।
(४) तथागतलाई दिइएको निमन्त्रणामा आफू जान पाउने छैन ।
(५) टाढा-टाढाबाट आएका मानिसहरूलाई बुद्ध समक्ष ल्याउने अधिकार पाउने छ ।
(६) आफूलाई पठाइएको निमन्त्रणा बुद्धलाई दिन पाउने छ ।
(७) आफू नभएको बेला दिइएको उपदेश बुद्धले फेरि भिक्षु आनन्दलाई दोहोऱ्याउनु पर्नेछ ।
(८) आफ्नो मनमा आएका सङ्काहरू कुनै बेला बुद्ध समक्ष राख्न पाउनेछ ।

यसरी आनन्द भन्तेले यी वरदानहरू मागेपछि यस्तो भन्नुभयो– "मैले अगाडिको चार वरदान माग्नुको तात्पर्य मानिसहरूले मलाई लोभको आरोप अगाउन पाउनेछैन र पछिल्लो चार वरदान माग्नुको तात्पर्य हो कि म आफ्नो जिम्मेवारी राम्ररी पूरा गर्नसकूँ ।

भगवानका अग्रजहरूमध्ये आनन्द भन्ते मात्र अर्हत थिएनन् तर उनीमा अर्हतहरूका जस्तै गुण थिए । उनीमात्र एक भिक्षु हुनुहुन्थ्यो जसमा पाँच-पाँचओटा विशिष्ट गुण निहित थियो । ती गुण हुन्–

(१) उनी कुरालाई राम्रोसँग बुझ्थे ।
(२) उनी भगवान्‌का विशिष्ट सेवक थियो ।
(३) उनको स्मरणशक्ति तेज थियो ।
(४) भगवानले भनेका गाथाहरू उनले राम्ररी र छिट्टै बुझ्थे र सम्झनसक्थे ।
(५) उनले आफ्नो बुद्धिलाई काबुमा राख्न सक्थे ।

आनन्द भन्तेले धेरै मानिसहरूसँग भेट्नुपर्दथ्यो । जुन मानिसका लागि पनि आनन्द भन्ते एक आदर्शवान् व्यक्ति थिए । उनले सबैको मद्दत गर्नुहुन्थ्यो र उनी सबैको एक विश्वासिलो मित्र थिए । उनी भएको ठाउँमा झैझगडा हुँदैनथ्यो भने भएको झैझगडा पनि शान्त भएर जान्थ्यो ।

आनन्द भन्ते हरेक परिस्थितिका गुरु थिए । उनले परिस्थितिलाई राम्ररी सम्हाल्नसक्नुहुन्थ्यो । उनी आफ्नो अनुभावहरूबाट सिक्थे र आफ्नो गल्ती कहिल्यै दोहोऱ्याउँदैनथे ।

महाप्रजापति गौतमी लगायत अनेक नारीहरू बुद्धसमक्ष बुद्ध शासनमा प्रवेश गर्ने अनुमति तीन पटकसम्म

*नोटः भिक्षु अश्वघोष महास्थविरको ८२ औं जन्मोत्सवको उपलक्ष्यमा संचालित लेखन कला प्रतियोगितामा सान्त्वना हुन सफल लेख ।*

** कक्षा-८, उमेर-१४*

माग्न गए तर यी तीनैपटकमा भगवान्ले बुद्ध शासनमा नारीहरूको प्रवेशको अनुमति दिनुभएन। जब आनन्द भन्तेले महाप्रजापति गौतमीलाई आँखाभरी आँसु हाली, धुलैधुलोले छोपिएका सुन्निएको खुट्टाले ढोकामा बसिरहेको देख्नुभयो, आनन्द भन्तेले पनि तीन पटकसम्म बुद्धसमक्ष बुद्धशासनमा नारीहरू प्रवेशको अनुमति मागे। यी तीनै पटकमा पनि बुद्ध मान्नुभएन।

अनि चौथो पटक आनन्द भन्तेले यस्तो प्रस्ताव राखे– "भगवान्! महाप्रजापति गौतमी तपाईंको सौतनी आमामात्र नभई तपाईंको धाई आमा तथा प्रचारिका पनि हुनुहुन्थ्यो। उहाँले तपाईलाई आफ्नै दूध ख्वाएर हुर्काएका थिए। यसरी आनन्द भन्तेले प्रजापति गौतमीबारे अनेक गुण बयान गरे। अन्त्यमा भगवान् बुद्धले आठ सर्तहरू राखी नारीहरूलाई पनि बुद्धशासनमा प्रवेश गर्ने अनुमति दिनुभयो। यसरी नारीहरूको बुद्ध शासनमा प्रवेशमा आनन्द भन्तेको ठूलो हात थियो।

त्यस समयमा कौसम्बी भन्ने एक भिक्षुणीले आनन्द भन्तेसँग प्रेम गर्थ्यो। त्यस भिक्षुणीले आफू रोगी भएको खबर पठाई आनन्द भिक्षुलाई बोलाउन पठायो। जब आनन्द भन्तेले यसको बारेमा थाहा पाउनुभयो, उनले कौसम्बी भिक्षुणीलाई अनेक प्रकारले सम्झाउनुभयो। अनि त्यस भिक्षुणीले आनन्द भन्नेसँग माफी मागी।

त्यस्तै कुनै देशका महारानीहरूले आनन्द भन्तेलाई दिनहुँ प्रवचन गर्न बोलाउथैं। एकदिन त्यहाँबाट मुकुटको एउटा रत्न चोरी भयो। आनन्द भन्ते सबैलाई मौका पाउनुपर्ने प्रस्ताव अघि हाल्नुभयो र भन्तेका अनुसार दरवारमा पाल हालियो र त्यहाँभित्र पानी भरिएको ठूलो भाँडा पनि हालियो। सबैलाई एक्लै भित्र जाने मौका दिइयो र चोर पनि भित्र गई रत्न फिर्ता हालेर आयो। अन्त्यमा राजाको रत्न पनि फिर्ता पायो र चोरले साजायँ पनि पाएन। यी कुराले हामी आनन्द भन्तेको चरित्रको बयान गर्नसक्छौं।

भगवान्को निर्वाणपछि आनन्द भन्तेले नै सबैलाई आदेश दिए। उनी यसरी धर्मका जेठा बने। बुद्धसँग ३८ वर्ष भिक्षु बनेपछि उनी अझैं चालीस वर्ष बाँचे। भगवान्को मृत्युको १०० वर्षपछि अर्हतहरूका संघायनमा आनन्द भन्तेको उक शिष्य, सब्बाकामी १२० वर्षको थियो।

आनन्द भन्ते १२० वर्ष भएको बेला उनलाई आफ्नोकाल आएझैं लाग्यो। बुद्धझैं उनी पनि राजगृह देखि बैशालीसम्मको यात्रामा जाने तयारी गरे। यो खबर सुनेपछि मगधका राजा र बैशालीका राजकुमारहरू उनलाई रोक्न आए। दुवैतर्फको न्यायको लागि उनले आफ्नो अलौकिक शक्तिद्वारा हावामा उठाएर आगोले विहिन गर्नुभयो। उनको अवशेषबाट विभिन्न स्तूपहरू बनाएका छन्।

# चिंचामाणविकाया आरोप

■ आनन्द मानसिं तुलाधर

श्रावस्ती नगरया जेतवन विहारय्,
कना बिज्याइगु धर्मोपदेशया प्रभावं,
सास्ताया अनुयायी पिं यकों दया वः लिसे,
लाभ सत्कार बृद्धि जूगु स्वय्मफयाः तीर्थंकर तय्सं
छगूगोप्य सल्लाह जुल बुद्धयात बदनाम याय्गु नियतं
थुगु ममिंगु ज्याया संस्कार पिईत चिंचमानविका न्ह्यलू वल,
सुंहे मदैगु ह्वःताः स्वयाः थेंकःवै चिंचाअति बाँलाम छाय्पाः,
चच्छि च्वनावैगु पहःलं भुलू सुलू दंका ल्यहाँ वै समस्यां खंकाः
तीर्थंकर तयगु कुचाल्वं सनाजुल नर्तकिं थुगु ताःलं।
निन्हु प्यन्हु धाधां च्याला फिला ध्यनेव।
प्वाथय् दु पहःलं दैं वल सभाय् बुद्धं उपदेश कना च्वंथाय्,
श्रमण जुयाः मछाले म्वाःला ? जिगु प्वाः तग्गो जुया वःगु खंला ?
छःपिनि मलाःसा म्वाल भगवन सुइतं अह्रेयाना ब्यूसां ज्यूनि,
थुगु शब्द न्यनाःबुद्ध नम्र स्वभावं शान्त जुयाः।
थ्व विषय् बाँलाक स्यू छं मयजु मखुसा जिंस्यू सत्य छुखः ?
थुगु वाक्य न्येनाः च्वने मफुत ख्वा स्वस्वं दान्त स्वरूप।
आत्मा ग्लानिं थरथर खानावल चिनातःगु चिखिनं ब्यनावल,
अनायासं कुतुँवल सकसिगुं न्ह्योने, नाटकिय रचना बिफल जुल,
असत्य गुभलें जुइमखु सत्य थुलि थुइकेत बुद्धं
कनायन भीत, नैतिक शिक्षा छाय्माःगु ?
सुइतं हाकःपाकेगु मती तय्वं न्हापांथःगु ल्हातय्नि पाय्माली,
अकिं लिफः छक्वः स्वय्माः सुइतं छुं याय्गु न्ह्योः
चिच्चाः दनेव कःवै सीकि ?
थुलि ज्ञांमदयाःखःभीपिं मत ज्वनां जःमाःजुयापिं !
भवतु सब्ब मंगलं !!!

✱ **"कुलो खन्नेले आफूलाई चाहिएको ठाउँमा पानी लैजान्छ, बाणकारकले आफूलाई चाहिए बमोजिम बाण बनाउँछ, सिकर्मीले आफूलाई चाहिए बमोजिम काठ तयार गर्छ र त्यस्तै धर्मनिरत व्यक्तिले आफूलाई दमन गर्दछ।"**

**– धम्मपद**



Downloaded from http://www.dhamma.digital

# दशैं पर्व र युद्ध विरामको प्रसङ्गमा बुद्ध धर्म

■ शिशिल चित्रकार

आज देश समाजको हरेक क्षेत्र अराजकता, अस्तव्यस्त र भयावहको स्थितिबाट गुज्रिरहेका छन् ।

व्यक्तिको आचरण सुधार गर्न कुनै पनि व्यक्तिले दैनिक रूपमा धर्म पालन गर्न आवश्यक छ । एकजना व्यक्तिले दैनिक रूपमा आफूले शील पालन गर्ने र त्यहीं अनुसार आफ्नो कृयाकलापमा पनि सामञ्जस्यस्ता ल्याउन सक्नु पर्दछ अन्यथा व्यक्ति स्वंय धार्मिक पाखण्डी र आडम्वरमा मात्र सीमित रहन्छ ।

मनुष्य एक सामाजिक प्राणी हुन् । समाज देशको भलाइ वा नाश, मनुष्यको कृयाकलापमा निर्भर भइ नै रहन्छ । यदि समाज देशको हक हित आफ्नो हातमा छ भने निश्चय नै प्रत्येक व्यक्तिले आफ्नो चरित्र सुधारमा ध्यान दिनु अति आवश्यक छ । यो चरित्र सुधारले देश समाजको हक हित त गर्ने नै भयो त्यो भन्दा पहिला व्यक्ति स्वंयको हित निश्चित छ ।

अब आफ्नो चरित्र सुधारको लागि प्रत्येक व्यक्तिले आफैंलाई जित्नु पर्दछ । व्यक्तिले अर्को व्यक्तिलाई जित्नु भन्दा आफ्नै मनलाई जित्नु पर्दछ र यो नै वास्तविक जित हो र निकै कठिन पनि छ । कलिङ्गको जित पछि हिंसाबाट विरक्त भएका राजा 'चण्ड-अशोक' धर्ममा डुवेपछि 'धम्म-शोक' कहलिए । यसैगरी व्यक्ति हिंसामा लागेका खुंखार डाकु अंगुलिमाल पनि बुद्धको संगतमा परेपछि जीवन बदल्न सफल भयो ।

बुद्धको जीवनकालमा, हात्तीलाई नियन्त्रणमा लिएको घटना लिएर तथा अन्य घटनाहरूबाट प्रभावित वा विचलित भइ यो विद्याबाट जीवनमा परीवर्तन ल्याउका कयौं उदाहरण पाउँदछौं । राजा प्रसेनजित, किस्सा गौतमी, पटाचारी, भारद्वाज ब्राह्मण आदि यसका केही उदाहरणहरू हुन् ।

एउटा उदाहरणको लागि भगवान् बुद्ध र राजा प्रसेनजितको बीचको कुरा निम्न प्रकारका छन् ।

"यस्तै हो महाराज प्रसेनजित ! ... जसले शरीर वचन र मनबाट दुश्चर्या गर्दछ, उसलाई सही अर्थमा आफूसंग प्यार छैन । जो शरीर वचन र मनबाट सदाचार गर्दछ उसैलाई सही अर्थमा आफूसंग प्यार हुन्छ । यसमा भगवान् बुद्धले उद्घागर गर्नु भएको श्लोक यस्तो छ ।

**अत्तानं चे पियं जञ्ञा-रक्खेय्य नं सुरक्खितं**
**तिञ्ञ'मञ्ञतरं यामं-पटिजग्गेय्य पण्डितो**

*अर्थ–* जसलाई आफूसंग प्यार छ त्यसले आफूलाई पाप कर्म गर्नमा नलगाउनु । पण्डितजनले तीन प्रहरमध्ये कुनै एक प्रहरमा जागा रहनु पर्दछ ।

वास्तवमा भन्ने हो भने व्यक्तिको हरेक कृयाकलाप नै धर्ममय वा पापमय भइरहने हुँदा व्यक्तिको चरित्र निर्माणमा धर्मको अपरिहार्य आवश्यकता छ ।

यहाँ हामीकहाँ मानिसहरू पुजा पाठ गरेर वा कर्मकाण्डले पाप पखाल्छ भन्ने विश्वासमा विभिन्न कर्मकाण्डको सहारा लिइरहेको हुन्छ । बुद्धको शिक्षाको मुख्य उद्देश्य चित्त शुद्ध गर्ने हुन् । बुद्धको शिक्षालाई एकपल्ट नियालौं–

**"सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।**
**सचित्त परियोदपनं एतं बुद्धानुसासनं ।"**

*अर्थ–* सबै प्रकारको पाप कर्म नगर्नु, पुण्य कर्म संचय गर्नु, आफ्नो चित्तशुद्ध गर्नु, यही बुद्धहरूको शिक्षा हो । तर चित्त शुद्ध हुनुपर्दछ भन्ने कुरामा धेरै जना मानिसहरू भ्रममा परेको महशुश हुन्छ । यहाँ धर्म र परम्परामा भेद गर्नुको साटो सामाजिक रीति थितीलाई नै धर्मको परीभाषा गरी धर्मको अवमूल्यन गर्ने भएको देखिन्छ ।

अव गणतन्त्र नेपालको प्रथम दशैंको उपलक्ष्यमा बौद्ध धर्मावलम्विहरूले परम्परागत दशैंको साटो विजया दशमीलाई सम्राट अशोकले हतियार त्याग गरेको दिनको रूपमा संस्मरण गरी त्यही अनुरूप हिंसा रहित दशैंको रूपमा मनाउन प्रण गरौं ।

आज देश समाजको हरेक क्षेत्रमा समस्या र अराजकता देखा परेको सन्दर्भमा व्यक्तिको चरित्र नै जिम्मेवार हुन् । व्यक्तिको चरित्र सफा र स्वच्छ नभई देश समाजको यावत क्षेत्रमा सुधार हुन सक्तैनन् । त्यसैले आज व्यक्तिको चरित्र निर्माणमा बुद्ध धर्मको आवश्यकता झन तड्कारो महशुस हुन आएको छ ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

■

# समाज भनेकै एक र एक भित्र अनेक हो

■ शिशिर

मानवको जीवनमा विविध पाताहरू हेर्दा अचम्म लाग्छ। त्यसैले मानवजीवन विचित्र छ। आ-आफ्नो विभिन्न क्षेत्रमा आवद्ध भएर जीवनयापनगर्छ मानवहरू। कुनै-कुनै मान्छे मानव भएर पनि दानवको व्यवहार गरिरहेको पनि यही समाजमा छन्। एकजना ब्राह्मणका छोरा महा विद्वान भएपनि आफ्नो उद्देश्य परिपूर्ति गर्ने क्रममा अहँ घमण्डी भएर कतिपय ठाउँमा कति पटक चिप्लिन्छ, त्यो चिप्लाई उसलाई विद्वानको लागि पण्डितको लागि सामान्य ठानेर होलान् थाहा नै हुँदैन। एउटा व्यक्तिले आफ्नो जीवनमा भोगेका कुरालाई नै मार्मिक किसिमबाट प्रस्तुत भएको देखिन्छ। यी अहँ घमण्डी महा विद्वानको कथा लेखन म मा क्षमता कमी भएपनि केही भन्न मनलाग्छ केही कोर्न मन लाग्छ। समाज भनेकै एक र एक भित्र अनेक त्यस कुरालाई मननगरी उतार्न सक्नु नै लेखकीय धर्म पनि हो। मानवमा अहं घमण्डी भए कस्तो फल पाउँछन् भन्ने कुरा तल निम्न प्रकारले एउटा घटना छन्।

एकजना ब्राह्मणको छोरा १०/२० वर्षसम्म गुरुकुलमा बसेर सबै विषय अध्ययन गरी महा विद्वान पण्डित सबै विषयमा पारंगत भएर पढाई पुरा भएपछि घर फर्कन्दै थियो। पण्डितको घर पुग्नलाई धेरै नदी खोलाहरू ढुंगामा चढेर जानुपर्थ्यो। नदीको किनारा नजिकै माझीहरू थियो। उनीहरू क, ख, पनि पढेका थिएनन्। हेप्ने चेप्ने चलन छ सानालाई ठूलाले निर्धोलाई बलियाले भनेझैं नपढेका मान्छे माथि पढेलेखेका मान्छेको फुर्तिनै वेग्लै हुन्छन्। घमण्डी महा विद्वान पण्डितले नदीको किनारामा बसेर पौडी खेल्दै डुंगा चलाउँदै धेरै वर्ष पहिले देखि जीविका गरेका माझीहरूसंग घमण्डी गर्दै भन्यो। त्यो घमण्डी पण्डितले भन्छन्। तिमीहरू पढे लेखेका छैनौ। म सबै विषयमा अध्ययन गरी पारंगत भएको महा विद्वान पण्डित हुँ। तिमीहरूलाई भन्दा मलाई सबै विषयको ज्ञान थाहा छ। यस्ता डुंगा चलाउन पानीमा पौडी खेल्न कसैले सिकाउँन पर्दैन भनि नदीमा हामफाल्यो घमण्डी भएर। त्यो वेला अध्ययन मात्र पो थियो अनुभव थिएन। पानीमा डुबेर नाकले पानी खाएर झनै ज्यान गएको बेलामा माझीहरूले पौडी खेल्न जानेको हुनाले पोडिन्दै गएर पानीबाट तानेर भन्नु भयो। पढ्नु भएको छ तर अनुभव वटुलेको छैन रहेछन्। बल्ल बच्नु भयो भनेपछि त्यो वेला म अहं घमण्डी पण्डित महा विद्वान रहेछु भनी आँखा खुल्यो। त्यसैले हामी धेरै घमण्डी भए यस्तै फल पाउँछौं। ■


।। आरोग्या परमालाभा, सन्तुट्ठि परमं धनं, विस्सासा परमञाति, निब्बानं परमं सुखं ।।

*सम्यक् सम्बुद्ध प्रति नतमस्तक हुँदै स्वास्थ्य सेवामा समर्पित धर्मकीर्ति विहारको शनिवारीय क्लिनिकबाट लाभ लिनुहोस्।*

प्रत्येक महिनाको

| | | | |
|---|---|---|---|
| पहिलो शनिवार | डा. योगेन्द्रमान शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००– ९:३० |
| दोस्रो शनिवार | डा. मोतिराज बज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| तेस्रो शनिवार | डा. विजयलाल श्रेष्ठ | डाइवेटिक विज्ञ | ८:३०–१०:०० |
| चौथो शनिवार | डा. मोतिराज बज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| प्रत्येक पूर्णिमा | डा. सुरेन्द्र शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००–१०:३० |

**धर्मकीर्ति स्वास्थ्य कमिटी, श्री घः विहार**


*※ "अनेक जन्म बित्यो गृह निर्माण गर्नेलाई खोज्दा खोज्दै। मेरो हरएक जन्म दुःखमय भएर बित्यो। अब हे गृह निर्माण गर्ने बुद्धि हो। मैले तँलाई देखि सकें, फेरि तैंले गृह बनाउन सक्ने छैन। तेरो घर बनाउने काठपात जम्मै भाँचि दी सकें, घरको धुरी पनि खसाली दिएँ, मेरो चित्त संस्कार रहित भई तृष्णाको विनाशभई सक्यो।"*

*– धम्मपद*



Downloaded from http://www.dhamma.digital

# धर्म वा प्राणी हिंसा

■ आनन्दसिद्धि तुलाधर

धर्मया नामं वा धार्मिक दृष्टिकोणं सायागु ज्वीमा, म्येयागु ज्वीमा वा निरीह चिचिंधीपिं प्राणीपिनिगु ज्वीमा स्याना: ला नयेगु अधार्मिक ज्या ख: । प्राणी मध्ये सर्वश्रेष्ठ मानव जातियात ल्व:गु ज्या मखु । महेकुसे धर्मया खँल्हाइपिंसं थुकियात सत्य ख: धका: वा:चायेकेमा: न्हयागु जातियापिं प्राणीयात चुपिं कीबलय् हि पिहांवइ दुरु पिहांवइ मखु, फुक्कसिंत स्या:चाइ, कष्ट ज्वी व । उकिं धर्मया नामय् असहाय प्राणीयात स्याना: लानयेगु धैगु शुद्ध धार्मिक प्रवृत्ति मखु, न्ह्यागु धर्म मानेयायिपिंनिगु प्रवृत्ति थज्वीमा । समाजय् थुजागु प्रवृत्ति ब्वलंकीपिं धर्माधिकारी धापिं तथाकथित ख: । ध्वंगिख: थुमिसं ब्वलंकाच्वंगु थुजागु प्रवृत्तिं समाजय् सकारात्मक लिच्व: मखु नकारात्मक लिच्व: लाकाच्वंगु दु । प्राणीयात धर्मया नामं स्यायेज्यु व स्यायेमज्यू धाइपिनि दथुइ द्वन्द जुया: लिच्व कथं समाजय् साम्प्रदायिक दुर्भावना ब्वलनेफु । उकिं धर्माधिकारी धापिंसं थुपिं बुद्ध धर्मयापिं, हिन्दूधर्मयापिं, इस्लाम धर्मयापिं वा मेमेगु धर्मयापिं न्हयाम्हहे जूसां थुमिसं धर्मया नामं प्राणी हिंसा याकेगु प्रवृत्ति समाजय् ब्वलंके बीमज्यू । देशया समाजशास्त्री व राजनीति शास्त्रीपिंसं नं थुगु खँया विषय वा:चायेकेमा:गु हथाय् जुयेधुंकल । धर्मभीरू मजुसे धर्मया नामं प्राणी हिंसा याना: ला नयेगु नकेगु ज्या दिकेफयेकेमा: । धर्मया नामं स्यायेगु प्रवृत्ति हे न्हंका छवयेफुसा स्यायेज्यू मज्यू, म्ये स्याये ज्यूमज्यू, दुगुचा स्याये ज्यूमज्यू धैगु ज्याखेलेमदुगु विषयलय् समाजय् कचवं नं ब्वलनी मखु । धार्मिक ल्वापुख्यापु नं ज्वीमखु । समाजय् शान्तमय लकस ब्वलनी । मखुसा ज्याखेलेमदुगु ल्वापुख्यापुं याना: देश विकासया लँय् लपंख्या: जुया: वंवश देश ङ्वाकलय् दुनी ।

पशुयात स्याना: लानयेज्यू मज्यू धैगु खँय् विवाद न्ह्यथनेगु ज्याखेलेदुगु खँ मखु । मू खँ धैगु धर्मया नामं स्यायेमज्यू, स्याना: नयेमज्यू धैगु ख: । छुंनं शुद्धगु धर्मं प्राणीयात बलि बिया: लानयेमा: नकेमा: धयात:गु दैमखु । अथे ख:सां थीथी धर्मालम्बी पिंसं द्य:यात बलि बिया: प्राणी स्याना: उकिया ला नयाच्वंगु सकसिनं यचुक खनाच्वंगु, हे दु । थ्व धर्मया नामय् समाजय् ब्वलनाच्वंगु विकृति ख: । शुद्ध धर्मयात थुपिंसं थुजागु अधार्मिक कर्म अवश्य यायिमखु । विकृत धार्मिक मनस्थिति दुपिं, शुद्ध धर्मयात मथूपिं तथाकथित धर्माधिकारीपिंसं थुजागु ज्यायात नालाच्वनी, मेपिन्त नं नायेका च्वनी । उकिं झीसं शुद्धगु धर्मयात ग्रहण यायेमाल । शुद्ध-धर्मया लँ क्यनीपिं सु ख:, विकृतियुक्त धर्मया लँ क्यनाच्वंपिं सु ख: धैगु बाँलाक म्हसीके फयेकेमाल । ■

# दोषरहित जीवन

सबै मानिसहरू सुखको खोजीमा भौंतारिइरहेका हुन्छन् । युवायुवतीहरू एकअर्काबीच प्रेम आलाप गर्न पाउँदा, अधबैंसेहरू राम्रो जागिर, गाडी बंगला भएमा, बूढाबूढीहरू धार्मिक क्रियाकलापमा संलग्न हुन पाएमा सुखको महसुस गर्छन् । व्यक्ति र उमेरपिच्छे सुख अनुभव गर्ने तरिका फरकफरक हुन्छन् ।

भगवान् बुद्धले धम्मपदको सुख वर्गमा भन्नुभएको छ- भोक लाग्ने जस्तो ठूलो रोग अरू कुनै रोग छैन । अरू सबै रोगलाई भोकको आगोले ओझेलमा पारिदिन्छ । भोकाएको बेला जस्तोसुकै राम्राराम्रा धर्मका कुरा सुनाए पनि त्यसबाट उसलाई कुनै असर पर्दैन । अरु कुनै प्रकार का सुख दिन खोजे पनि उसले आत्मसात गर्दैन । भोकाएकाहरूले एकछाक पेटभरि खान पाए सुखको अनुभूति गर्छन् । तिर्खाएकाहरूले तिर्खा मेट्ने गरी पानी पिउन पाएमा सुखको अनुभुति गर्छन् । तिर्खाले छटपटाई रहेकाहरूलाई अरु सुख दिए पनि त्यसको मूल्य हुँदैन ।

जिउनका निम्ति अत्यावश्यक वस्तु प्राप्त गर्नु सुख हो, तर वस्तु प्राप्त गर्न अपनाउने मार्ग धार्मिक हुनु जरुरी छ ।प्राप्त धन सही तरिको भोग गर्न पाउनु सुख हो । ऋण नबोकी जिउनु पनि सुख हो । ऋणमा डुबेकाहरू मानसिक रूपमा प्रताडित हुन्छन् । बोझमय मनले सुख अनुभव गर्न सकिँदैन ।

दोषरहित जिन्दगी जिउनु उत्तम सुख हो । राग, द्वेष र मोहजस्ता दोषबाट मुक्त भई जिउनाले उत्तम, सुखको अनुभूति गर्न सकिन्छ । दोषसहित जीवन सधैं तनावपूर्ण हुनेछ । काय, वाक् र मन दूषित भइरहन्छ । सुख राम्रा क्रियाकलापबाट प्राप्त हुने हुनाले दूषित र कुलित क्रिया गरी सुख पाउन खोज्नु मृगतृष्णामात्र हुनेछ । यो अज्ञानता दर्शाउनुजस्तो हो ।

सबै धार्मिक तथा आध्यात्मिक चिन्तनले दोषसहितको जीवनलाई नकारेका छन् । दोषसहितको जीवनले अन्तिम लक्ष्य प्राप्त गर्नमा सदैव बाधा पुऱ्याइरहेको हुन्छ । हिन्दूधर्म अनुसार ब्रह्मतत्त्व र बौद्ध धर्मअनुसार निर्वाणत्व प्राप्त गर्नु अन्तिम लक्ष्य हो । दोषरहितको जीवनयापनले मात्र यो सम्भव हुन्छ । सुख, ऐशआराम र शान्तिमय र सुखी जीवन प्राप्त गर्न दोषरहित जीवनलाई नै अंगीकार गर्नुपर्छ ।

—वीरेन्द्र श्रेष्ठ 'दिपंकर' *(साभार- अन्नपूर्ण पोष्ट)*

# झीगु धर्म

■ धर्ममान नेवा

झीगु धर्म बुद्ध धर्म धायगु याना वयागु यक्व दय् धुंकल। छाय् धासा सिद्धार्थ गौतम बुद्धं कना थकुगु धर्म खः। थ्व धर्म व्यक्तिगत रूपं अनुभव जुइगु सम्वेदनाया आधारे सजग जुइमागुलिं थुकिई तर्क वितर्क याय्गु थाय् मदु। छुं इले छम्ह व्यक्तिं सु:ख वेदनाय् च्वनेफु, मेम्ह दु:ख वेदनाय् धा:सा मेम्ह असु:ख अदु:ख वेदना अनुभवयाना च्वँनेफु। अथे जूगलिं व अनुभव व्यक्तिगत जुल। वं अनुभव याना च्वँगु संवेदनायात मेम्हसिनं तर्क वितर्क याय्गु थाय् मदु। झी धर्मे लगे जुइत थ:गु चित्त (मन) यात बसय् तय्मा। थ:गु चित्त बसय् तय्गु धैगु न्हापाँ-न्हापाँ थाकु ज्वीफु। अयन्हं थ:गु चित्तयात बसय् तयफुसा तिंनि थ:गु शरीरे जुया च्वंगु संवेदना अनुभव याय्फै। थथे याय्गुया आधार धैगु शरीरे जुया च्वंगु निरन्तर परिवर्तनशील संवेदनाया अनुभव हे खः। अथे अनुभव याय्त थ:गु चित्त एकाग्र जुइमा: एकाग्र जुसा तिंनि संवेदनाया अनुभव जुई। अनुभव जुयकेया लागि शीले प्रतिष्ठितनं जुइमा:। शील प्रतिष्ठित जूसा तिनिं समाधिष्ठ जुई, समाधिष्ठ जुल धा:सा अर्थात् चित्त एकाग्र जूसा तिनिं थ:गु शरीरया स्तरय् निरन्तर जुया च्वंगु संवेदना अनुभव याय्फै। अथे जूगुलिं थ:त थम्हं शीले प्रतिष्ठित याना: समाधिष्ठ जुयेफत धा:सा तिंनि व अनित्य स्वभावया संवेदना खः अथवा मखु धैगु स्पष्ट जुया वइगु खः। गुलि झीपिं निरन्तर एकाग्र जुया समाधिष्ठ जुइफत, उलिहे झीगु चित्तं व संवेदनाया अनित्य स्वभाव थुया वइगु खः। **"अनिच्चावत संखारा उप्पादवय धम्मिनो, उपज्झित्वा निरूज्झन्ति तेसं वूप समोसुखो"** धका अनुभव ज्वी। थथे अनुभव याय् फत धा:सा झीके प्रज्ञा जागृत जुया वइगु खः अर्थात् थ्व जीवन धैगु अनित्य स्वभाव यागु खः धका: झीसं थुइके फत धा:सा झीगु स्वभावे बुलुहूँ समता जाया वै। समता पुष्ट जुया व:सा झीपिं मेपिं अन्य प्राणीपिं नाप मैत्री भावना दयके सया: वैगु जूगुलिं थ्व मैत्री भावना वैगु गुलि पिज्वय्केफत उलिहे झीसं अन्य प्राणीप्रति करूणा दया वइगु खः। झीके गुलि करूणा दय्केफत उलिहे झीके मुदिता (प्रमुदित) दया वई। गुलि झीपिं प्रमुदित जुइफत उलिहे उपेक्षा भावना विकसित जुया वइगु खः। थ्व मैत्री, करूणां व उपेक्खा (उपेक्षा) झीगु जीवने खँने दत धा:सा झीपिं चतुर्ब्रह्म विहारे थ्यंपिं जुई। झीगु जीवने निरन्तर थ्व ४ गु स्वभाव पिज्वय्केफत धा:सा तिनि झीपिं चतुर्ब्रह्म विहारे प्रस्थापित जूपिं धाई। थ्व हे स्वभाव पिज्वयकेगुलिइ झीपिं गुलि सफल जुल उलिहे सिद्धार्थ गौतम बुद्धं क्यनां थकूगु लँपुइ वंगु जुई। आतक्क झीपिं व लँय् वनाच्वना धका धाय् थाकु।

विभिन्न ऋषि-मुनिपिं नाप खुदँतक संगत याय् धुंका: सिद्धार्थ गौतम बुद्ध जुल। वैशाख पूर्णिमा खुन्हु बोधिज्ञान थुइका: अनं ७ हप्ता तक्क थम्हं थुइकागु ज्ञान (प्रज्ञा) या चिन्तन मनन याय् धुंका: ५ म्ह ब्राह्मण पिन्त सारनाथया इसिपटन धैगु थासय् सिद्धार्थ गौतम बुद्धं दक्व सिवय् न्हापां धर्मचक्र प्रवर्तन याना बिज्यागु खः। अर्थात् धर्मया खँ देशना याना बिज्यागु खः। थौंया व्यवहारिक ल्याखं २५५२ वर्ष दय धुंकल। यदि झीसं सिद्धार्थ जन्म जूगु ल्याखं स्वय्गु खः सा ८० वर्ष बढे याय्मा:। छाय् धासा निर्वाण जुइ धुंका तिनि वयक:या शिष्य पिन्सं जयन्ती चलनय् हयगु यात धैगु जिगु अनुमान खः। थथे जूसा ८० दं जोडे याय्माल धाय्वले २५५२+८० बराबर २६३२ दँ धैगु जन्म जयन्ती या ल्या वर्ष जूवई। झीसं विवेचना यानां वयागु खँय् लिहाँ वने। व ख धर्मया खँ। धर्मया खँ धाय्वले, थ्व धर्मया खँ यात थौकन्हे झीसं बुद्ध धर्म धायगु यानां वया: च्वना। थ्व बुद्ध धर्म स्वंगू आधारं पिने वन अथवा पिने लात धा:सा बुद्ध धर्मय् लाई मखु। धर्मयात ताकाल तक्क व्यवहार याय्गु खँय् झीगु गतिविधि पानां वंगुलिं अथवा धर्मया खं मसिया:। मथुया: थौंभीपिं लं द्वंगु खँनेदु। थुकिया कारण छगू निगू न्हयँ थने:

१) सिद्धार्थ गौत बुद्ध जुइत छें कला व काय् त्वता: चान्हे पिहाँ वँने धुंका, निवार्ण मजूनि बले या खँ जुइफु। कपिलवस्तुया छिमेकी देशया राजकुमारया लागि वैवाहिक सम्बन्ध तय्गु खँय् शायद शाक्य राजपरिवार पिंनि थ्व सम्बन्ध तय्गु विचार मदुगु कारणं ज्वीफु शाक्य तय्सं थ:थाय् च्वंम्ह दासीया म्ह्याय् दासि पुत्रीयात राजकुमारी यानां विया छ्वत। लिपा विदुदभं (विरुढकं) थव खं सिइका कपिलवस्तु यापिं दक्वो शाक्य तय्त आ सगर हवा धाइगु थासे स्यात धैगु आख्यान दु। थ्व थाय् आतक्क नं विक्षिप्त खँनेदु। थ्व खँ बुद्ध जीवनी पाखें थुइका काय्फु।

२) उत्तर भारते पाल वंशया जुजुपिनिगु राज्य काले (इ.सं. ११६१–११८०) मुसलमान तय्सँ नालन्दा, ओदन्तपुरी, विक्रम शिला आदि थासे हमलाया बले अनँ धन सम्पत्ति मदुगु तमं अनच्वंगु ग्रन्थ दक्वो छ्वयका वंन। विश्व विद्यालय नं ध्वस्त यात। हाकनं इ.सं. १२००



Downloaded from http://www.dhamma.digital

पाखे महम्मुद बख्तियार खिलजीं हमला या: बले प्रतिकार या:गुलिं दक्वो भिक्षुपिं माला-माला स्यात, गुलिं नेपाल गुलि तिब्बत थ्यंक बिस्युंवन धका इतिहासय् धैतल । थ्व इले धर्मय् परिस्थिति बस विमुख जुल धैगु अनुमान दु ।

३) नेपाले इ.सं. १२२४ ताका सिमरोन गढं पदच्युत जुइका हरिसिंह देवं भक्तपुर दरवारे जजु जुया अन तलेजु भवानी स्थापना या न्हापा गवलें मया:गु स्थिति चलने हयगु निमित्ते वनम्ये हया व जुजुया आदेशं म्ये स्याना देवीया प्रसाद धका दक्वो सित: नकल धैतल । अनुमान याय्फु शाक्य वज्राचार्य धा:पिं नं बाध्यता बस समावेश जुल ज्वीफु । आ न्हिया न्हिथँ काठमाडौं उपत्यकाय् करिव ५००।५५० म्येय् हत्या जुया च्वंगु दु । दुगुचा, खा, हैं ल्या सुनां तइच्वंगु दु ।

४) जिमि अवुजु जगत मान अथवा धर्मादित्य धर्माचार्य जिवित दनि बले जिं छगू अंग्रेजी वाक्य ब्वनागु लुमं । अंग्रेजी भाषं आनातोल फ्रान्स धाम्हसे च्वैत:गु ख: । व वाक्यया अर्थ छ्याय् वले जिं थथे थुइका कया– "भगवानं झीत अन्याय पाखें रक्षा याई, वं (भगवानं) मफु, रक्षा याय्फु तर मया । याय्फु तर मयागु ख: सा व नालायक जुल, नदी मफुसा अक्षम जुई । भगवान रक्षा याय् नं मफु, याइनं मखु धैगु ख:सा व अक्षम नालायक जुई । भगवान सक्षम ख, याय्नं फु धैगु ख:सा छपिं पुरोहित ख: धैविज्यहूँ भगवानं झीत गवले रक्षा याई" धका व यजमानं न्योंगु जुयाच्वन । झीसं भगवान गौतम बुद्धं कँना थकूगु खँया विषयले– **तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता । पटिपन्ना पमोक्खन्ति, झायिनो मारवन्धना ॥** धागु उक्ति न्यँना तयागु आधार धाय्गु ख: सा भगवान बुद्धं झीत लँ जक्क क्यनां बिइगु ख: व: लँपुई वनेगु धैगु झीगु हे ल्हाते दु । झीहे न्ह्याँवने माल मखुला ? मारया वन्धनँ मुक्त जुइगु ख:सा झीपिं शीले च्वनेमाल, ध्यानयानाँ थ:गु शरीर या कण-कण प्रतिकँ जुया च्वंगु अनित्य स्वभाव प्रति समाधिष्ट जुये फयके माल । अले थम्हं थ:त समताय् तया प्रज्ञा जागृत याय्माल ।

५) झीसं धर्मया खँ ल्हायबले कर्मयानं खँ वई । कर्मया खँ अथवा कारण विचार याय्वले थम्हँ भिं जुइगु यात धासा थत: नं भिं जुई धाय्फु । छाय् धा:सा झीसं न्ह्याथाय् स्वोसां गुलि सु:ख सयलय् गुलिं नय् त्वने मखंपि खना च्वना । गुलिं योयोत्थे नय् त्वने पुनेत: गा:पीं खंना च्वना गुलिं न्हिथा न्हिथं छपे नय्त थाकु पिंनं खँना च्वंना । गुलिं मानसिक तवरं तिक्ष्णपिं गुलिं सुस्त मनस्थितिपिं नं खँ । गुलिं सन्त संयम खँसा गुलिं ध्वों, खिचा, धुँ थें स्वभाव झीसं खनां च्वना । गुलिं थ: जक नय् त्वने दुसा गा:पिं खंसा गुलिं-गुलिं सकल प्राणीया नय् त्वंने पुने दय्मा धैगु मनं तुनिपिनं खँ । गुलिं भाय् स्यूपिं, गुलिं कला कौषल जापिं ज्यायानां कमाई याय् फुपिं खँ सा गुलिं नयमखंपिं छुं याय् मस:पिं खँ । गुलिं वुसां निसें मिखाँ मखँपिं जुसा, गुलिं खँल्हाय् मसपिं न खँ । जिं स्वय् बले थ्व फुक्क न्हापाया जन्मे यानां वयागु भिं वा मभिंगु कर्मया परिणाम अथवा विपाक ख: । झिगुं जीवनया क्रियाकलाप दक्वों झिगु हे लिपाया जीवनया परिणाम ज्वी धका थुइका काय्गु व उकथं संयमित जीवन हनेगु याय्फत धा:सा झीपिं सु:खी ज्वीफई । शान्त ज्वीफई ।

सिद्धार्थ गौतम बुद्धं कना त:गु "प्रतित्य समुत्पाद" या विचार याय्वले– अविद्यां संस्कार दय्कि, संस्कारं विज्ञान दई, विज्ञानं नामरूप षड आयतन, पड आयतनं स्पर्श, स्पर्शं वेदना, वेदनाँ तण्हा, तण्हाँ उपादान, उपादानं भव दई, भवँ जाति (जन्म) जन्मया पाखें बुढा जुई, बुढा जुया सिनां वनि, सितकी दु:ख जुइ, ख्वई हालिई अले वेचैनी जुई । थथे जुया सारा दु:खया उदय जुया वइगु ख: । आ झीसं अविद्यायात नास (निर्मूल) याय् फत धा:सा सस्कारं दिनाँ वँनि । संस्कार दिकेफत धा:सा विज्ञान दिनां वँनि । विज्ञान दिकेफत धा:सा नामरूप दिनाँ वँनि । नामरूप दित धा:सा षड आयतन दिनां वँनि । षड् आयतन दिकेफत धा:सा स्पर्श दिना वँनि । स्पर्श दित धा:सा वेदना दिनां वँनि । वेदना दिकेफत धा:सा तृष्णा दिना वँनि । तृष्णा दिकेफत धा:सा उपादान दिनां वँनि । उपादान दिना वंसा भव दिना वनि । भव दिनां वंसा जन्म दिनां वंनि । जन्म जुइगु दिकेफत धा:सा बुढा-बुढी जुइ मालिइ मखु, सिइमालिमखु, सिइम्वाल धा:सा शोक याय्गु, वेचैन ज्वीगु दिनां वंनि । थुगु प्रकारं सारा दु:ख समुदयया उदय मजुया वंनिइगु ख: । भन्ते धर्ममूर्ति या लेख "पुनर्भव" स उल्लेख यानां त:गु कथं "हेतु प्रत्ययया कारण उत्पन्न जुइगु व हेतु प्रत्ययया अभाव दक्वो विनास जुया वनिइगु धैविज्यात । प्राणी उत्पत्तिया खंय् विशुद्धि मार्गे थथे उल्लेख जुया च्वंगु खँ न्हय थँना विज्यागु दु ।" **"कम्मा विपाका वत्तन्तिविपाको कम्म सम्भवो, तस्मा पुनब्भवो होति– एवं लोको पवत्तति"** अर्थात् कर्म विपाक दयकि विपाकं हाकनं कर्म दयकी । उकिं पुनर्भव जुई । थथेजुया संसार दया च्वनिई । थुगु कथं कारणाकारण प्रभावित जुइगु खनेदु ।

थथे पुनर्भव धैगु सुं देव देवता पिनिगु सृष्टि मखुसे– थ:गु हे कर्म वेग धा–कर्म शक्ति धा वा कर्म विपाकया कारणं धा क्लेश दत्तले पुर्न: जन्म जुइगु ख: । ■

# धर्मकीर्ति विहार — गतिविधि

**विषय– मिलिन्द प्रश्न**

*२०६५ भाद्र १४ गते, शनिवार*

*प्रवचिका- श्रद्धेय धम्मवती गुरुमां*

*प्रस्तुती- मिनरती तुलाधर, स्थान- धर्मकीर्ति विहार, श्रीघः*

यसदिन धम्मवती गुरुमांले मिलिन्द प्रश्न विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो– दुईवटा महान समान फलदायक भएको भिक्षापात्रलाई तथागतले प्रशंसा गर्नुभएको थियो। पहिलो सुजाताले दिनुभएको क्षीर भोजनद्वारा तथागतले अनुत्तरो सम्यक सम्बुद्धत्त्व ज्ञान प्राप्त गर्नुभयो भने दोस्रो चुन्दकमार पुत्रको सुकरमद्दव भोजनद्वारा तथागतले अनुपादिशेष परिनिर्वाण प्राप्त गर्नुभएको थियो। तथागतले यी दुइवटै भिक्षापात्र उत्तिकै समान फलदायक र आनिशंश भन्नु भएको थियो। चुन्दकुमार पुत्रलाई भोजन दान गरेकोमा कुनै दोष दिने ठाउँ छैन, किनभने उक्त भोजन दिव्य ओज (स्वाद) सहितको स्वादिष्ट र पचाउन सजिलो भएपनि वहाँको शरीर जीर्ण भइसकेको आयु परिपक्को (क्षीण) भइसकेको हुनाले रोग बढेर अन्तमा परिनिर्वाण भएको थियो। भिक्षामा भन्दा धेरै उपलब्धी पाउनु भएको थियो।

तथागतले भिक्षुहरूलाई पूजामा मात्रै सीमित भएर मात्र बस्नु हुँदैन भन्नुभएको थियो। भिक्षुहरूको काम ध्यान भावना अभ्यास गरेर क्लेश नाश गर्नुपर्छ। त्यस्तै कर्तव्य पालन गर्नुपर्छ। देवदत्तले हजारौं जन्मको अधिको वैरभावको कारणले गर्दा गृधकुट पर्वतबाट ढुङ्गा खसालेर ल्याएर बुद्धको खुट्टामा परेर घाउ भएको थियो।

**यलय् गुंला धर्म देशना क्वचायेकल**

*प्रस्तोता- दुर्गालाल शिल्पकारं*

ल्वहंक:मि (शिल्पकार) सेवा समाज, मिसा पुच:या ग्वसालय् विश्वकर्मा अवतार महाविहार (जोम बाहा:) यलय् सनिंवाः पतिं लच्छिया गुंला धर्मदेशना ज्याझ्व: भन्ते गुरुमापिन्त चींवर नापं थी थी वस्तु तथा भोजनदानयाना क्वचायेकूगु दु।

भिक्षु संघरक्षितपाखें "बुद्धकालीन परिस्थिति व संक्षिप्त बुद्धजीवनी" भिक्षु सायादो कुण्डलपाखें "त्रिरत्न" अग्गञानी गुरुमांपाखें "बुद्धशासनय् अग्रपिं मिसात", भिक्षु धर्मपालपाखें "सप्त सत्पुरुष धन व सप्त अपरिहाणीय धर्म", धम्मवती गुरुमांपाखें "गृहविनय" व भिक्षु धर्मगुप्त पाखें "धर्मचक्र प्रवर्तन सुत्र" बारे धर्मदेशना याना विज्यागु खः।

धर्मदेशना न्ह्यो सिद्धार्थ ज्ञानमाला भजन खल: पाखें ज्ञानमाला भजन न्ह्यब्वयेगु या:गु उगु ज्याझ्व:या लीपागु दिनय् सुथे बुद्धपुजा, धर्मदेशना, दानप्रदान, पुन्यानुमोदन व भन्ते गुरुमांपिन्त नापं सकल उपासक उपासिकापिन्त नं भोजनया व्यवस्था जूगु उगु समारोहस समाजया नाय: भाजु मोतिलाल शिल्पकारं लसकुस याना दिइगु खः। ज्याझ्व:या ल्याचा: व ग्वाहालिमि पिन्त सुभाय् दांभरी मय्जु हिरा शोभा शिल्पकारं विया दिलसा मिसापुच:या नकीं मय्जु निर्मला शिल्पकारं सिद्धार्थ ज्ञानमाला भजन खल:या नाय: केशव चित्रकारयात आर्थिक ग्वाहाली ल:ल्हानादिल। नापं वयूक:यात समाजया नायोपाखें हनापौ नं देछाना दीगु उगु सम्पूर्ण ज्याझ्वया संचालन मूछ्यांन्जे दुर्गालाल शिल्पकारं यानादीगु खः।

**मैत्री बोधिसत्व विहारमा बुद्धपूजा र धर्मदेशना**

*२०६५ भाद्र २३ गते, सोमवार*

*स्थान- मैत्री बोधिसत्व महाविहार, जमल।*

यसदिन धर्मकीर्ति ज्ञानमाला भजनबाट ज्ञानमाला भजन प्रस्तुत भइसकेपछि चमेली गुरुमांले पञ्चशील पार्थना गराउनुभई बुद्धपूजा कार्यक्रम संचालन गर्नुभएको थियो।

त्यसपछि वीर्यवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो।

यसदिनको बुद्धपूजा कार्यक्रममा सहभागी हुनुभएका सबै गुरुमांहरू लगायत अन्य श्रद्धालु उपासकोपासिकाहरूलाई श्रद्धापूर्वक जलपानको व्यवस्था मिलाउनुहुने दाता समूहहरूको नाम यसरी उल्लेख गरिएका छन्–

१) कमलशोभा तुलाधर, २) नीरा तुलाधर, ३) पद्मतारा तुलाधर, ४) शान्ततारा तुलाधर, ५) कमला स्थापित, ६) दानदेवी तुलाधर

जलपान दाताहरूलाई मैत्री बोधिसत्त्व महाविहार जमलको तर्फबाट र श्याममान वज्राचार्यको तर्फबाट सम्मान गरिएको उक्त कार्यक्रममा जलपान दाताहरूको तर्फबाट धर्मकीर्ति ज्ञानमालालाई रु. २०००/– चन्दा स्वरूप प्रदान गर्नुभई पूण्य सञ्चय गर्नुभएका थिए।



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति ज्ञानमाला भजनलाई सहयोग

धर्मकीर्ति ज्ञानमाला भजनका सदस्य बुद्धरत्न महर्जनको आयोजनामा उहाँको निवासस्थानमा गुंला पर्व एक महिना (२०६५ श्रावण १८ – भाद्र १५) धम्मवती गुरुमां सहित अन्य गुरुमांहरूको तर्फबाट धर्मदेशना कार्यक्रम सम्पन्न भएको थियो । यसरी नै धर्मकीर्ति ज्ञानमाला भजन पनि प्रस्तुत भएको थियो । आयोजक उपासक बुद्धरत्न महर्जनले धर्मकीर्ति ज्ञानमालालाई रु. ४५००/– सहयोग स्वरूप चन्दा प्रदानगर्नुभई पूण्य सञ्चयगर्नु भएको समाचार छ ।

## अभिधम्म अध्ययन समाजया प्रवचन जुल

*भदौ २७ गते, यें ।*

धर्मकीर्ति विहारय् अभिधम्म अध्ययन समाज नेपाल, झिदँ क्यंगु लसताय् भिक्षु आनन्द पाखें पञ्चशील प्रार्थना याका विज्यास्य अभिधम्मया विषयस प्रवचन विया विज्यात । उगुहे सभाय् दुज: सुजाता गुरुमा पाखें अभिधम्म अध्ययन समाज नेपालया स्थापना व म्हसिका वारे नवाना विज्यात, दुज:भाजु अमृतमान शाक्य भिक्षु पाखें अन विज्यापिं झापिं सकलसित लसकुस न्वचु न्यंका विज्या:गु जुल । दुज: भाजु समाजया नायो प्रेमलाल चित्रकारजूया सभापतिवय् न्ह्यागु उगु सभाय् समाजया दुज:भाजु रोशनकाजी तुलाधरजुं उगु सभाय् झापिं सकलयात सुभाय् विया दीगु जुल । उगु सभा तिर्थरत्न शाक्यजूं न्ह्याका विज्यागु जुल । अन्तय् पुण्यानुमोदनयासें सभा क्वचायकुगू जुल ।

### धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ५८२

**विकाशचन्द्र शाक्य**
चार दोबाटो, बनेपा–८
रू. १०००/–

क्र.सं. ५८३

**सुगत वज्राचार्य**
तीन दोबाटो, बनेपा
रू. १२२५/–

## याउँक जीवन हनेनु

■ शुक्र राज शाक्य

लसकुस दु ! लसकुस दु !! लसकुस दु !!
सकसितनं जिमिगु लसकुस दु ॥
लसकुस दु ध्व, मिसा पुच: या,
थथे हे भ्रीसं, सत् सङ्गत दयका:
सिइके थुइके या वनेनु ॥ धु. ॥
न्हिं न्हिं थथे हे यच्चुगु नुग लं,
मैत्री भाव बढे यायनु,
अलसी भाव मनय् मतस्य,
त्रिरत्न स्मरण या : वनेनु ॥१॥
बुद्धया ज्ञान, नुगले लुमंका:
पञ्चशील पालन या: वनेनु
राग व द्वेष मोहं लिचिका :
याँउक जीवन हँ वनेनु

## बौद्ध जुया म्वायमा: भ्री

■ अमृतमान शाक्य भिक्षु

बौद्ध जुया त त:मत: क्यंका:
धर्मयानामे अनेक पुजा याना ।
गथें धाय् बौद्ध आचरण छखें तया
राग, द्वेष मोह भ्यले पुना ।
देखावती धर्म फुईमखु थन
मोह माया त्याग याना जुईथन धर्म ।
चिवरहे पुना नं जुइमखु धर्म
चित्तं सुन्दरं हे जुई बौद्ध ।
कलह याना धर्म जुइमखु
सेवाभावं जक जुई धर्म ।
भजन याना थुइंकूसा
जीवन छाय् थाते मलाई ।
जस व अपजस भगवान यात मखु
थ: थम्हं ग्रहणयाय्गु स्व: ।
बौद्ध धाधाँ अबौद्ध जुयमते स्व:
अन्याय अत्याचार यायेमते स्व: ।
मूर्ति देवं स्वजक स्वंई
नुग: देवं ब्व:बियाहई

# धर्म प्रचार — समाचार

### उपासिका स्व. लतंमाया वाडेको आँखा प्रत्यारोपण

श्रीलंकामा अध्ययनरत श्रामणेर शान्तजीवका हजुर आमा उपासिका लतंमाया वाडे दिवंगत हुनभएपछि उहाँको नेत्रदान गरिएको समाचार छ । प्राप्त समाचार अनुसार दिवंगत हुनुभएकी उपासिका लतंमाया वाडेका मृतक शव नगदेश स्थित मसानमा ल्याई तिलगंगा आँखा केन्द्रलाई उहाँको नेत्रदान गरिएको थियो ।

दिवंगत उपासिकाको सद्इच्छा अनुसार उक्त दान गरेको आँखा भोली पल्टै जनकपुर निवासी ५० वर्षिय शाह थरका व्यक्तिलाई एउटा आँखा र चितवन निवासी ५६ वर्षिय गुरुङ्ग थरका पुरुषलाई अर्को आँखा प्रत्यारोपण गरिएको कुरा समाचारमा उल्लेख गरिएको छ ।

### पशुवलि निषेध चेतना अभियान सम्वन्धी गोष्ठी र नगरपरिक्रमा

*२०६५ आश्विन ३ र ११ गते ।* धर्म संस्कृतिको नाममा देवी देवताको मन्दिरहरूमा व्यक्तिगत, संस्थागत एवं राज्यको तर्फबाट समेत अबोध एवं निरपराध पशुपंक्षीलाई बलीको नाममा मार्ने, काट्ने जस्ता गलत कार्य एवं परम्परागत विकृतीहरूलाई मध्य नजर राखी आश्विन ३ गते शुक्रवारका दिन रसियन साँस्कृतिक केन्द्रमा एक गोष्ठीको आयोजना गरिएको समाचार छ ।

पशुवली निषेध चेतना अभियान काठमाडौं, नेपालले आयोजना गरिएको उक्त कार्यक्रममा विभिन्न विद्वानहरूबाट पाँचवटा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए ।

यसरी नै आश्विन ११ गते, शनिवार विभिन्न धार्मिक, सामाजिक संघ संस्थाहरू, विद्यालय, कलेज, समाजसेवीहरू लगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूको सहभागितामा पशुवली निषेध सम्वन्धी नारा एवं प्लेकार्डहरूको साथ बाजा-गाजा सहितको ठूलो समूहले नगर परिक्रमा गरि एको समाचार छ ।

भद्रकाली मन्दिरको पश्चिम सडकमा भेलाभई न्यूरोड, इन्द्रचोक, असन, वीर अस्पताल हुँदै नगरपरिक्रमा गरिएको उक्त समूह खुलामञ्चमा सभामा परिणत भएको थियो ।

### दोस्रो अधिवेशन सम्पन्न

*२०६५ भाद्र २३ गते, सोमवार ।* बौद्ध ल्यायम्ह पुच: नगदेशको दोश्रो अधिवेशन सम्पन्न भएको समाचार छ । माननिय उद्योग मन्त्री अष्टलक्ष्मी शाक्यज्यूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा नेत्र दान गर्ने दाता महोदयहरूलाई प्रमाण-पत्र वितरण एवं धर्मोदय सभा मध्यपुर थिमी नगर शाखा नगदेशको पाँचौं वार्षिक साधारण सभाको समुद्घाटन गरिएको थियो ।

श्रद्धेय भिक्षु सयादो ऊ कुण्डलाबाट बुद्धपूजा, शीलप्रार्थना पश्चात् सुरू गरिएको उक्त उपासक न्हुच्छेकुमार सिंकेमनको अध्यक्षतामा सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा शिवभक्त मेजुले स्वागत भाषण गरी कृष्णकुमार प्रजापतिले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसरी नै उक्त कार्यक्रममा प्रमुख अतिथीज्यूबाट नगदेश बुद्ध विहार भवन विस्तार गर्ने सिलसिलामा रु. २५,०००/– र सोभन्दा बढी रकम आर्थिक सहयोग प्रदानगर्नुहुने दाताहरू श्री न्हुच्छेबहादुर कोजु र श्री विश्व महर्जनलाई दोसल्ला र पवित्र खादा ओढाई अभिनन्दन-पत्र समेत प्रदान गरी सम्मान गरिएको थियो । यसको साथै दाता महोदयहरूलाई विहारमा प्रतिस्थापित भगवान बुद्धको प्रतिमूर्ति अंकित तस्विर पनि प्रदानगरी सम्मान गरिएको थियो ।

त्यसपछि मरणोपरान्त नेत्र (आँखा) दान गर्न इच्छुक महानुभावहरूलाई प्रोत्साहन स्वरूप सधन्यवाद पत्र (प्रमाणपत्र) प्रमुख अतिथीज्यूको तर्फबाट प्रदान गराइएको थियो । यसरी आँखा दान गर्ने इच्छुक महानुभावहरूको संख्या ११० रहेको कुरा बुझिएको छ ।

प्रमुख अतिथी माननीय उद्योग मन्त्री अष्टलक्ष्मी शाक्यज्यूले सयौं आँखादाताहरूलाई प्रमाणपत्र प्रदान गर्नुहुँदै बुद्ध दर्शनकै माध्यमबाट स्थायी शान्तिको बहाली हुने कुरोमा जोड दिनुहुँदै बुद्ध शासनिक कार्यको व्यापक प्रचार गर्नुपर्ने कुरोमा जोड दिनुहुँदै बौद्ध ल्यायम्ह पुच: र धर्मोदय सभा मध्यपुर थिमी नगर शाखा नगदेशको कार्य सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । मन्त्री शाक्यज्यूले मुलुकको लागि ठूलो मानिस भन्दा पनि असल मानिसको आवश्यकता रहेकाले यस्तो कुरो सिक्न बुद्ध शिक्षाको अध्ययन गर्नु परेको कुरोमा विशेष जोड दिनुभएको थियो ।

उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुने अन्य वक्ताहरू यसरी हुनुहुन्थ्यो– सुचित्रमान शाक्य, विष्णुरत्न शाक्य, बखतबहादुर चित्रकार, गोविन्द सिंह भण्डारी आदि । उक्त सभामा रामभक्त हाँयुजुले धन्यवाद व्यक्त गर्नुभएको थियो । सो सभामा श्रेद्धय केशावती र खेमावती गुरुमांहरूको पनि उपस्थिति रहेको थियो ।



Downloaded from http://www.dhamma.digital

**गुलुपा: रत्नया नामं चर्चित जीवरत्नया गुलुपा: दान**

थ:गु जीवन ७७ दँ क्यनीगुया दुने ७७ ग:हे गुलुपा: दान याना: इतिहासय् कीर्ति तयूगु तातुनादीम्ह जीवरत्न स्थापितया पाखें प्राप्त जूगु सुचं कथं ७१ ग: गुलुपा नेपालया थीथी विहार, गुम्वा व संघ-संस्था लगायत भारत, थाइलैण्ड, वर्मा, ताइवान, श्रीलंका, दक्षिण कोरीयाय् थ्यंक दान यानादीधुंकूगु दु। अथेहे मेगु ५ ग: गुलुपा: दान यायत तयारी अवस्थाय् दुगु खँ नं वयूकलं कनादीगु दु। उकी मध्ये छग: Royal Grand Hall of Buddhism, Kobe, Japan या लागी दान बीत तयार जुयाच्वंगु खँनं वयूकलं कनादीगु दु।

लुमंकेवबह:जु वि.सं. २०५१ साल माघ १ गते थ:गुहे जन्मदिनया शुभ उपलक्ष कया: १४" X १४" डायमिटर दुगु (१३ किलो जाकी न्ह्यंगु) गुलुपा: न्हापां ज्ञानमाला भजन खल:यात दानयासे थ:गु ज्याङ्व: न्ह्याका दीम्ह गुलुपा: रत्न भाजु थुजोगु हे गुलुपा: थौं तकनं दान यानाहे वया च्वनादीगु दु।

उलिजक मखु वयकलं थीथी म्ये चिनामिपिसं गुलुपा:या विषय चिनात:गु म्ये छ्यासं मुनात:गु सफू "गुलुपा: म्ये मुना" सफू पिकया: थ:गु गुलुपा: दान ज्याङ्व:यात गर्व तायका च्वनादीगु दुसा आ:हानं छुं ई लिपा गुलुपा: बारे थीथी च्वमिपिनि च्वसु मुना: सफू हि पिथनेगु ग्वसा: दुगु खँ नं प्वंकादिल।

**धर्मोदय सभाया ६५ क्व:गु त:मुज्याय्**
**न्हू ज्यासना पुच:ल्यज्या क्वचाल**

*२०६५ आसोज ४ गते, शनिबार* क्वचा:गु धर्मोदय सभाया ६५ क्व:गु त:मुज्यां पण्डित वद्रीरत्न वज्राचार्यया अध्ययक्षताय् न्हूगु ज्यासना पुच: थुकथं ल्य:गु बुखँ दु। धर्मानुशासकपिं - (१) भिक्षु कुमार काश्यप महास्थविर (२) भिक्षु खेरब ग्याल्छे रिम्पोछे (३) चक्रेश्वर श्री सत्त्वतारा वज्र वज्राचार्य।

उपाध्यक्षपिं– १) लक्ष्मी दास मानन्धर, (२) माननीय इन्द्र बहादुर गुरूङ, (३) प्रा. श्री सुवर्ण शाक्य, (४) नानीमैयाँ मानन्धर, (५) माननीय पद्मज्योति कंसाकार। महासचिव- सुचित्रमान शाक्य, सचिव- त्रिरत्न तुलाधर, सहसचिव- अशोकानन्द वज्राचार्य, कोषाध्यक्ष- रत्नमान शाक्य, सह-कोषाध्यक्ष- सागरमान वज्राचार्य।

दुज:पिं– १) बासन्ती देवी वज्राचार्य, २) पञ्चवीर सिंह तुलाधर, ३) कृष्ण कुमार प्रजापति, ४) वद्रीनारायण मानन्धर, ५) भिक्षुणी डा. अनोजा, ६) जुजुभाई तुलाधर, ७) पुष्प राजन शाक्य, ८) रामलगन चौधरी, ९) पद्मसुन्दर शाक्य १०) गम प्रसाद गुरूङ।

सल्लाहकार– फणिन्द्र रत्न वज्राचार्य।

# अनोजा गुरुमांया् ४९ दँ बुदिंया उपलक्ष्ये

■ प्रेमलक्ष्मी तुलाधर

श्रद्धेय अनोजा गुरुमांया ४९ दँ बुदिंया लसताय् भिंउसाय्, ता: आयु व बुद्ध शासनया घिसिधागु थां जुया उन्नतिया लंपुई न्ह्या:वने फयूमा धका: आशिका यासे निश्चलतां जा:गु मिखां, धर्[redacted] जागु मायां स्वहृदया स्वांवाया [redacted]य (कविता) "व: ख: गुरुमां अनो[redacted] उपहारया रूपे देछाया च्वना–

ख्वा: धा:सा हाकुचा ख्वा:
मन धा:सा सुति थें तुयूम्ह
खँ ल्हाइबले भाय् मचा व:म्ह
वचन अतिकं बाँला:म्ह
व ख: गुरुमां अनोजा

खरर खरर न्हिला: खँ कनेमाम्ह:
स्वभाव अतिकं हिसिदुम्ह:
न्यासिचा पहलं धर्मदेशना याइम्ह
मने ध्वाध्विक बुद्ध वचन विइम्ह
व ख: गुरुमां अनोजा


मफु धका: सुंकक च्वने मस:म्ह
अनित्य जीवनया मू थूम्ह
स: तसकं थीम्ह
झरनायागु झंकार दुम्ह
व ख: गुरुमां अनोजा

बुद्ध धर्मप्रति दृढता दुम्ह
भूतप्रेत तयूत ख्याना छ्वे फुम्ह
भिक्षुणी कूले न्हापां डा. जूम्ह
व ख: गुरुमां अनोजा

यक्को देशय् पालि स्वाँय् त:म्ह
गुरुमां पुचले मोटर न्ह्याकेस:म्ह
फुकेसितं भिंगु आशिका विइम्ह
व ख: गुरुमां अनोजा

बा.अ.का.द.नं. - ७०/०४०/४१

अनिच्चावत संखारा उप्पादवय धम्मिनो,
उपज्जित्वा निरूज्झन्ति तेसं वूप समोसुखो



जन्मः [redacted] पूर्णिमा

दिवंगतः
वि.सं. २०६५।३।१८

## दिवंगत चन्द्रकुमार वज्राचार्य

दिवंगत जुयादीम्ह जिमि पूज्य अबुजु चन्द्रकुमार वज्राचार्यया अनन्त गुणानुस्मरण यासे दुनुगलं निसें श्रद्धाया स्वाँ देछाना । थुजाःगु दुःखं जाःगु इलय् दुःख सहःयायगु शक्ति बियाः बिचाः हायका भ्रःपिं सकल थःथिति जःला खःला, पासाभाई व संस्था आदिया शुभ चिन्तकपिन्त कृतज्ञता देछाना च्वना ।

*काय् पिं: व भौपिं*

**प्रथमकुमार वज्राचार्य – दयालक्ष्मी वज्राचार्य**
**दि. द्वितीयकुमार वज्राचार्य – पद्मकुमारी वज्राचार्य**

*म्ह्याय्पिं:*

**कमला वज्राचार्य, रमला वज्राचार्य, निर्मला वज्राचार्य**

**छ्यू: जवनवती गुरुमां**

*मिजं छ्यूपिं व छ्यू भौपिं:*

**सुरेश वज्राचार्य – शारदा वज्राचार्य**
**उमेश वज्राचार्य – तारा वज्राचार्य**
**हसन वज्राचार्य – मञ्जु वज्राचार्य**

*मिसा छ्यूपिं व छ्यू जिलाजंपिं:*

**मिनु वज्राचार्य – दिनेशरत्न वज्राचार्य**
**निनु वज्राचार्य – जेठाकाजी वज्राचार्य**
**श्रीजु श्रेष्ठ – अजितलाल श्रेष्ठ**

**छुइपिं: दिपेन, जेन, दिवश, आश्रिता, आकाश, आस्था, सुमानिता**

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ [illegible] मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७९३, फ्याक्स: [illegible]
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५१०३२, ४२५१४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital